# विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण, कक्षा ८

# सङ्क्षिप्त प्रतिवेदन, २०६८



शिक्षा मन्त्रालय

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुर, नेपाल

२०७०

# विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण

## कक्षा ८

# सङ्क्षिप्त प्रतिवेदन, २०६८

शिक्षा मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर, नेपाल

२०७०

# विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण, कक्षा ८

## सङ्क्षिप्त प्रतिवेदन, २०६८


| | | |
|---|---|---|
| प्रकाशक | : | शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| छपाइ प्रति | : | १५,००० प्रति |
| सर्वाधिकार © | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | २०७० (सन् २०१३) |
| अङ्ग्रेजीको पूर्ण प्रतिवेदनबाट नेपालीमा सङ्क्षिप्त प्रतिवेदन तयारी | : | डा. भोजराज शर्मा काफ्ले |
| भाषा सम्पादन | : | विष्णुप्रसाद अधिकारी |
| छपाइमा आर्थिक सहयोग | : | फिनल्यान्ड दुतावास |
| आकृतिविन्यास | : | रमेश दाहाल |
| मुद्रण | : | लुष प्रेस, नयाँ बानेश्वर, काठमाडौं, फोन: ४७८२८२४<br>इमेल: lushapoudel@gmail.com |

# प्राक्कथन

शिक्षा देश विकासको मेरुदण्ड हो । वर्तमान वैज्ञानिक र युगमा संसारका हरेक गतिविधि शिक्षाबाट प्रभावित हुने गर्दछन् । सूचना र प्रविधिको चामत्कारिक विकासले हाम्रा अगाडि हरेक क्षण नयाँ नयाँ चुनौतीहरू थपिएका छन् । यसले गर्दा शिक्षा क्षेत्रमा पनि दिनानुदिन नयाँ नयाँ कुराहरूले प्रवेश पाइरहेका छन् । यस परिवेशमा हरेक देशको शिक्षाले आफूलाई हर क्षण अद्यावधिक बनाउँदै समय सुहाउँदो शिक्षा प्रदान गर्नु परेको छ । अर्कोतर्फ सीमान्तकृत वर्गका मानिस आधारभूत शिक्षाबाट समेत वञ्चित रहेको अवस्था छ । त्यसैले शिक्षाले न्यूनतम आधारभूत शिक्षाको व्यवस्था गर्ने देखि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने अत्याधुनिक शिक्षासम्मको अवसर प्रदान गर्न सक्नु परेको छ । यसका लागि हरेक देशले आफ्ना साधन, स्रोत र क्षमताले भ्याएसम्मका प्रयास गर्दै आएका छन् । परन्तु शिक्षा शिक्षामा उपलब्ध साधन, स्रोतको उच्चतम प्रयोग गरी सबैका लागि गुणस्तरीय र उपयोगी शिक्षा प्रदान गर्ने प्रयासहरू के कस्तो अवस्थामा छन्, तिनको प्रभावकारिता, कार्यक्षता र सक्षमता कस्तो अवस्थामा छ भन्ने बारेमा परीक्षण गरी सही मार्गदर्शन गर्ने सन्दर्भमा विश्वव्यापी रूपमा नयाँ नयाँ उपायहरूको खोजी र प्रयोग भएको पाइन्छ ।

नेपालमा पनि शैक्षिक सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धिका लागि समग्र शैक्षिक संरचना तथा कार्यप्रणालीको परीक्षण गरी सरकारसमक्ष राय सुझाव दिने उद्देश्यले शिक्षा मन्त्रालय मातहत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएका हो । यस कार्यका लागि केन्द्रीय तहदेखि स्थानीय तहसम्मका शैक्षिक निकाय एवम् विद्यालयका साथै विद्यार्थीको सिकाइ स्तर मापन गर्नका लागि यस केन्द्र अन्तर्गत तीनओटा एकाइको व्यवस्था गरिएको छ । तीन एकाइ मध्ये विद्यार्थी उपलब्धि एवम् स्तर परीक्षण गर्नका लागि विद्यार्थी स्तर मापन एकाइ (NASA) को व्यवस्था गरिएको र यसले विद्यार्थी मूल्याङ्कनको परीक्षण सम्बन्धी महत्त्वपूर्ण कार्य गर्दै आएको छ ।

वास्तवमा शिक्षा मन्त्रालयदेखि विद्यालयसम्मका सबै निकाय र पदाधिकारीको कार्य प्रभावकारिता र सक्षमताको मूल्याङ्कन गर्ने प्रमुख आधार भनेको शिक्षाको उत्पादन/उपलब्धि हो । त्यसैले राष्ट्रिय विद्यार्थी उपलब्धिको स्तरले हाम्रा समग्र शैक्षिक प्रयासहरूको प्रभावकारिता र कार्य क्षमतालाई प्रतिविम्बित गर्दछन् । यसै कुरालाई दृष्टिगत गर्दै यस केन्द्रले अन्तर्राष्ट्रिय स्तरका अभ्यासअनुसारका प्रक्रिया, मापदण्ड र साधनको प्रयोग गरी नेपालको वर्तमान विद्यालय शिक्षाको मार्गदर्शक दस्तावेज विद्यालय क्षेत्र सुधार योजना (SSRP) को व्यवस्था अनुसार नियमित रूपमा राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण गर्ने प्रयास गरेको छ । यस केन्द्रको मार्गचित्र अनुसार पहिलो बर्ष २०६८ सालमा कक्षा ८ को राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण कार्य सम्पन्न भएको हो ।

गुणात्मक सुधारका लागि राष्ट्रिय तहमा स्तरीकृत मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थीको सिकाइ स्तरको आवधिक रूपमा परीक्षण गर्ने कार्यक्रम राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण हो । यसले सम्बन्धित तहको पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उपलब्धि/सक्षमता प्राप्तिको अवस्था के कस्तो छ भन्ने बारेमा आधुनिक स्तरीकृत मूल्याङ्कन साधनको प्रयोगबाट आवधिक रूपमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण गरी वास्तविक अवस्था प्रदर्शित गर्दछ । यसमा विद्यार्थी, उसको सिकाइ वातावरण, पारिवारिक पृष्ठभूमि, विद्यालयको भौतिक अवस्था, शिक्षण सिकाइ क्रियाकलाप, आदि

सम्बद्ध विविध सर्वपक्षीय उपलब्धिको परीक्षण गर्दछ । यसै आधारमा २०६८ सालमा कक्षा ८ को विद्यार्थीको राष्ट्रिय उपलब्धि उपलब्धि परीक्षण कार्यक्रम सञ्चालन भएको हो ।

देशभरका सबै भौगोलिक र विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी जम्मा २५ जिल्लाका १२०१ विद्यालयका ४८,६८२ विद्यार्थीको परीक्षणका माध्यमबाट तयार गरिएको मूल प्रतिवेदनका मुख्य कुराहरूलाई सारांशमा प्रस्तुत गरी यो सङ्क्षित प्रतिवेदन तयार गरिएको हो । प्रस्तुत अध्ययनका उपलब्धि र सुझावहरूले समग्र शैक्षिक नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमन, सुपरिवेक्षणका लागि पर्याप्त खुराक प्रदान गरेका छन् । त्यसमा पनि मूलत: शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न हुने र तत्सम्बन्धी अन्य व्यवस्थापकीय तथा सुपरिवेक्षणीय भूमिका निर्वाह गर्ने निकाय तथा पदाधिकारीका लागि पनि यसले पर्याप्त मार्गनिर्देश गर्न सहयोग पुऱ्याउन नै छ । तसर्थ यस अध्ययनको मुख्य प्रतिवेदनको अध्ययन मनन र प्रतिविम्बन गर्दै सबै सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट समग्र विद्यालय शिक्षाको प्रभावकारिताका लागि सक्दो प्रयास भएमा यस अध्ययनको उपादेयता पुष्टि हुने छ । तसर्थ प्रस्तुत अध्ययनका प्राप्ति, सुझाव र निष्कर्षहरूलाई गहन अध्ययन मनन गरी आ-आफ्नो क्षेत्रबाट कार्यान्वयनमा ल्याउन सम्बद्ध पक्षहरूलाई विशेष अनुरोध गर्न सान्दर्भिक नै हुने छ ।

अन्तमा यस उपलब्धि परीक्षणका सन्दर्भमा साधन विकास, पूर्व परीक्षण, साधनको अन्तिमीकरण गर्ने शिक्षक तथा विषय समितिका विज्ञ एवम् उपलब्धि परीक्षण कार्यमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने जिल्ला शिक्षा अधिकारी, जि.शि.का. का सम्पर्क व्यक्ति, विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी सबैले संवेदनशील र सक्रिय भई गर्नु भएको सहयोगप्रति यो केन्द्र हार्दिक आभार व्यक्त गर्दछ । यस परीक्षणको प्राविधिक कार्यमा महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउने EDSC का तीर्थराज खनियाप्रति पनि केन्द्र आभारी छ । यस अध्ययन कार्यमा अन्तर्राष्ट्रिय स्तरको विशेष प्रकारको प्राविधिक सहयोग पुऱ्याउने डा. यारी मेत्सामुरनेन विशेष धन्यबादका पात्र हुनुहुन्छ । यस कार्यमा निरन्तर रूपमा प्राविधिक सहयोग र सहजीकरण गर्ने प्राविधिक समितिका अध्यक्ष डा. ईश्वरप्रसाद उपाध्यायज्यू लगायत विज्ञ सदस्यहरूप्रति पनि केन्द्र कृतज्ञता ज्ञापन गर्दछ । त्यस्तै निर्देशक समितिका अध्यक्ष एवम् शिक्षा पूर्व तथा वर्तमान सचिवज्यू लगायत समितिका पदाधिकारीज्यू बाट प्राप्त निरन्तर हौसला र मार्गनिर्देशन प्रति यो केन्द्र विशेष आभार व्यक्त गर्न चाहन्छ । साथै शिक्षा मन्त्रालय एवम् केन्द्रमा कार्यरत कर्मचारीको निरन्तर र सक्रिय सहयोग पनि उल्लेखनीय रहेको छ । अन्तमा यस प्रकारका कार्यमा सम्वद्ध सबै क्षेत्रबाट आगामी दिनमा थप उत्साह र उच्च मनोवलका साथै पर्याप्त सहयोग र सहजीकरण प्राप्त हुने विश्वास गर्दै यो अध्ययन प्रतिवेदनका सम्वन्धमा सम्वद्ध सबै प्रवुद्ध वर्गबाट रचनात्मक सुझावको अपेक्षा राख्दै यस प्रतिवेदनलाई कार्यान्वयनमा लैजान सक्दो पहलकदमी हुने नै छ भन्ने विश्वास लिइएको छ ।

**शिक्षा मन्त्रालय**
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी भक्तपुर ।

# विषयसूची

विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण, कक्षा ८, सङ्क्षिप्त प्रतिवेदन, २०६८ १
सारांश १
पृष्ठभूमि २
नेपालको प्रयास ३
उद्देश्य ४
अध्ययन प्रक्रिया ५
प्रयुक्त प्रविधि र प्राविधिक सहयोग ७
प्रमुख प्राप्तिहरू, चासो र सुझाव (Major Findgings, Challeges and Suggestion) ८
विषयगत अवस्था र प्राप्ति २१
निचोड २९
अनुसूची २८

## चित्रहरू

चित्र १ : अध्ययनमा संलग्न भएका जिल्लाहरूको भौगोलिक र विकास क्षेत्रगत विवरण ५
चित्र २ : पृष्ठभूमि सूचनाका प्रश्नावली विकासका आधारहरू ६
चित्र ३ : कक्षा ८ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धिको प्रतिशत, २०६८ ८
चित्र ४ : कक्षा ८ का विद्यार्थीको छात्र र छात्राको राष्ट्रिय औसत उपलब्धिको प्रतिशत, २०६८ ९
चित्र ५ : विद्यालयहरूको औसत समग्र उपलब्धिको अवस्था ११
चित्र ६ : सामुदायिक र संस्थागत विद्यालयहरूको औसत समग्र उपलब्धिको अवस्था १२

## तालिकाहरू

तालिका १ : विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण मार्गचित्र ४
तालिका २ : विद्यार्थीको संज्ञानात्मक क्षेत्रअनुसारको उपलब्धि १५
तालिका ३ : विषयहरू अन्तर्गतका उपक्षेत्रहरूको अन्तर्राष्ट्रिय अवस्थासँगको तुलना १६

# विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण

## कक्षा ८

# सङ्क्षिप्त प्रतिवेदन–२०६८


**सारांश**

*यो प्रतिवेदन पूर्ण प्रतिवेदनको सङ्क्षिप्त रूप हो । पूर्ण प्रतिवेदनमा अध्ययनका विस्तृत विषयक्षेत्र र तत्सम्बन्धी विषयवस्तुहरू प्रस्तुत गरिएका छन् । यसमा मूलतः अध्ययनका विविध विषयक्षेत्रमध्ये अध्ययनका मुख्य प्राप्तिहरू (Findings) लाई प्रस्तुत गरिएको छ । अध्ययनबाट देखिएको प्राप्तिहरूका आधारमा के कसरी सुधार गर्न सकिन्छ भन्ने विषय जटिल र परिस्थितिजन्य (Contextual) हुने भएकाले यस प्रतिवेदनमा साङ्केतिक रूपमा सुझावहरू प्रस्तुत हुन गएकाले विशिष्टीकृत रूपमा प्रस्तुत हुन सकेको छैन । त्यसैले परिस्थितिअनुसार उपलब्ध साधन, स्रोत र सामर्थ्य आदिका आधारमा सुधारका प्रक्रिया सम्बन्धित सरोकारवालाहरूले नै सम्बोधन गर्नुपर्ने हुन्छ भन्ने मान्यतामा प्रतिवेदन केन्द्रित छ । प्रतिवेदनमा थप अध्ययनका क्षेत्रहरूसमेत उजागर गर्ने प्रयास गरिएको छ । यसमा विषयगत रूपमा विद्यार्थीको उपलब्धिको अवस्थाका अतिरिक्त छात्रा वा छात्र, ग्रामीण र सहर, सामुदायिक र संस्थागत, मातृभाषा नेपाली भएका र नभएका, २००८ को र २०११ को अवस्था, जिल्लागत तुलना, नेपाल र अन्तर्राष्ट्रिय अवस्थाको तुलना आदिको अवस्था प्रस्तुत गरिएको छ । परिमाणात्मक (Quantative) उपलब्धिलाई तुलनात्मक रूपमा अनुसूचीमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा स्पष्ट नभएका कुरा पूर्ण प्रतिवेदन एवम् त्यसको अनुसूचीका सूचनाले स्पष्ट गर्ने अपेक्षा गरिएको छ ।*

## पृष्ठभूमि

राष्ट्रिय रूपमा प्रतिनिधित्व हुने गरी नमुना छनोटद्वारा विद्यार्थीको विषयगत सिकाइ उपलब्धि परीक्षण गरी सो उपलब्धि परीक्षणका प्राप्तिहरूलाई अन्य तत्त्वहरूसँगको सम्बन्ध हेरी त्यसका राम्रा पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको पहिचान गर्ने व्यवस्थित र अनुसन्धानमूलक प्रयास विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण (National Assessment of Student Achievement – NASA) हो । विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण कार्यलाई शिक्षा पद्धतिमा सुधारका लागि महत्त्वपूर्ण आधार मानिन्छ । विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणबाट विद्यार्थीको सिकाइको अवस्था पहिचान गरी विद्यार्थीमा सिकाइका पक्षलाई सम्बोधन गर्ने भन्दा पनि शैक्षिक पद्धतिका पाठ्यक्रम तथा पाठ्यसामाग्री, परीक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, विद्यालयको पठनपाठनको वातावरण सुधार, विद्यालय, शिक्षक, अभिभावक सम्बन्ध जस्ता पक्षलाई सम्बोधन गर्ने प्रयास गरिएको हुन्छ । यसबाट शिक्षा नीति, योजना, सङ्गठन, समन्वय, निर्देशन, नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन एवम् लगानीको पक्षमा सुधारको अपेक्षा गरिएको हुन्छ । लगानीको तुलनामा त्यसको उपलब्धि र प्रभाव के कस्तो रह्यो भनेर हेर्ने कार्यको समेत विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणबाट अपेक्षा गरिन्छ ।

राष्ट्रिय उपलब्धि परीक्षणका प्राप्ति (Findings) लाई अन्तर्राष्ट्रिय रूपमा शैक्षिक सुधारको प्रमुख आधारका रूपमा लिने गरेको पाइन्छ । विकसित मुलुकहरूमा यस प्रकारको राष्ट्रिय उपलब्धि परीक्षण स्थापित संयन्त्रमार्फत निश्चित अवधिमा गरिने र विगत र तत्कालीन अवस्थाको तुलना गर्ने गरिन्छ । यस्तो तुलनाबाट के  कसरी सुधार भइरहेको छ वा छैन भनी समग्र प्रवृत्तिगत अवस्था (Trend) हेरिन्छ । विगतका वर्ष र यस वर्षको विभिन्न विषय क्षेत्रमा भएको परिवर्तनका आधारमा भविष्यको दिशा पहिचान गर्ने र सुधारका उपायहरू अवलम्बन गरिन्छ । त्यसैका आधारमा समग्र शैक्षिक योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने आदि प्रक्रियाबाट  शिक्षण सिकाइमा सुधार ल्याउने प्रयास गरिन्छ ।

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको अर्को महत्त्वपूर्ण पक्ष अन्तर्राष्ट्रिय अवस्थासँग राष्ट्रिय अवस्थाको तुलना गर्नु हो । परिवर्तित मूल्य र मान्यता, विश्वव्यापीकरण, सूचना तथा सञ्चार र प्रविधिमा भएको द्रुततर विकासले संसारलाई साँघुरो बनाएको सन्दर्भमा अन्तर्राष्ट्रिय अवस्थासँग कुनै पनि देशको अवस्था तुलना गर्नु सान्दर्भिक मानिनुका साथै अति आवश्यक पनि हुन्छ । कुनै पनि मुलुकको शिक्षाबाट उत्पादित जनशक्ति विश्वबजारमा पुँजीको रूपमा लिन थालिएको वर्तमान परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय रूपमा तुलना गर्ने कामलाई अनिवार्य र अत्यावश्यक कार्यका रूपमा लिन थालिएको छ । शैक्षिक संस्थाका विद्यार्थी, शिक्षक र

व्यवस्थापकहरू राष्ट्रिय सीमा र भूगोलबाट मात्र सीमित हुन सक्दैनन् । यो क्रम अझ तीव्र हुँदै गइरहेको छ । तसर्थ यस प्रकारको उपलब्धि परीक्षण सम्बन्धित मुलुकको अवस्था विश्वव्यापी परिदृश्य कहाँ अवस्थित छ भनी थाहा पाउनु एक महत्त्वपूर्ण कार्य हो । यसका साथै राष्ट्रिय उपलब्धि परीक्षणबाट कुन भौगोलिक क्षेत्र, जातजाति, लिङ्ग, संस्कृति, भाषा, वर्गको उपलब्धिको अवस्था कस्तो छ, ती विभिन्न वर्ग र समुदायका राम्रा र कमजोर पक्ष के हुन् आदि पक्षको पहिचान गर्ने प्रयास गरिन्छ र सो अनुसारको सुधारको प्रक्रिया अवलम्बन गर्ने गरिन्छ ।

## नेपालको प्रयास

नेपालमा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण सन् २००० को दशकमा सुरू भएको हो । तत्पश्चात हालसम्म करिब एक दर्जन जति यस प्रकारका अध्ययनहरू भएको पाइन्छ । हालसम्म भएका अध्ययनमा कक्षा ३, कक्षा ४, कक्षा ५, कक्षा ६, कक्षा ८, र कक्षा १० को उपलब्धि परीक्षण भएको देखिन्छ । माथि उल्लेख गरिए जस्तै राष्ट्रिय उपलब्धि परीक्षणको मूल अभिप्राय दीर्घकालीन योजनाका आधारमा निश्चित समयको अन्तरालमा गर्ने र त्यसका आधारमा उपलब्धि एवम् परिवर्तनको अवस्था पहिचान गर्नु हो । परिवर्तनको स्वभाव र प्रवृत्ति (Trend) विश्लेषणका आधारमा देशका लागि भविष्यको मार्ग पहिचान गर्नु हो । जस्तो उदाहरणका लागि अन्तर्राष्ट्रिय तहको विभिन्न अध्ययनहरू जस्तै पिसा (PISA – Programe for International Student Assessment), टिम्स (TIMSS – Trends in International Mathematics and Science Study) र पिआरएलएस (PIRLS – Progress in International Reading Literacy Study) अध्ययनहरू क्रमश : ३ वर्ष, ४ वर्ष र ५ वर्षको अन्तरमा गरिन्छन् । यी अध्ययननहरू अन्तर्राष्ट्रिय स्तरमा औसत उपलब्धिको तुलना गर्नका लागि र राष्ट्रिय अवस्था पहिचानका लागि समेत प्रयोग गरिन्छ । नेपालको सन्दर्भमा व्यवस्थित रूपमा निश्चित समयको अन्तरमा परीक्षण गर्ने भन्ने योजना बनेको पाइँदैन र सो अनुसार हुन सकेको पनि थिएन ।

शैक्षिक सुधारका लागि निरन्तर योजनाको रूपमा विकसित विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी) ले उल्लिखित पक्षलाई दृष्टिगत गरी सो योजना अवधि (२०६६-२०७२) मा कक्षा ३, कक्षा ५, र कक्षा ८ को राष्ट्रिय उपलब्धि परीक्षण दुई पटक गरिसक्ने कुरा उल्लेख गरेको सन्दर्भमा शिक्षा मन्त्रालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण एकाइ (NASA Unit) स्थापना गरी नियमित रूपमा परीक्षण गर्ने योजना तथा कार्यक्रम बनाएको छ । उक्त योजना अनुसार देहायअनुसारको एक मार्गचित्र स्वीकृत भई सोअनुसार कार्य प्रक्रिया अगाडि बढिरहेको छ :

**तालिका १: विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण मार्गचित्र**

| कक्षा | २०६८ | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|---|
| कक्षा ३ र ५ | | √ | | √ | | √ |
| कक्षा ८ | √ | | √ | | √ | |

मार्गचित्र अनुसार २०६८ सालमा कक्षा ८ को परीक्षण कार्य नमुनामा लिइएका २५ जिल्लामा सम्पन्न गरी २०६९ मा प्रतिवेदन तयार गर्ने काम समेत सम्पन्न भयो । २०६८ सालमा कक्षा ८ को परीक्षण नभएकामध्ये २५ जिल्ला र काठमाडौं उपत्यकाका ३ जिल्ला समेत गरी जम्मा २८ जिल्ला नमुनामा लिई कक्षा ३ र कक्षा ५ को राष्ट्रिय उपलब्धि परीक्षण कार्य २०६९ सालमा सम्पन्न भएको छ। २०७० सालमा त्यसको प्रतिवेदन सार्वजनिक हुनेछ। उक्त मार्गचित्र अनुसार आगामी वर्ष २०७० सालमा कक्षा ८ को दोस्रो चक्र र त्यसको अर्को वर्ष (२०७१) मा कक्षा ३ र कक्षा ५ को दोस्रो चक्र पूरा गरिने छ ।

## उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य कक्षा ८ का विद्यार्थीको उपलब्धिको राष्ट्रिय अवस्था पहिचान गर्नु हो । यसका विशिष्टीकृत उद्देश्यहरू निम्न अनुसार छन् :

- कक्षा ८ को विद्यार्थीको नेपाली, गणित र सामाजिक विषयमा राष्ट्रिय उपलब्धिको अवस्था पहिचान गर्नु,
- विद्यार्थीको उपलब्धिमा देखिने भौगोलिक, क्षेत्रगत, विकास क्षेत्रगत, ग्रामीण र सहरी, संस्थागत र सामुदायिक, लैङ्गिक, जातजातिगत भिन्नता पहिचान गर्नु,
- विद्यार्थीको सिकाइमा प्रभाव पार्ने विद्यालय, घर र विद्यार्थीसँग सम्बन्धित तत्त्वहरू (Factors) पहिचान गर्नु,
- २०६५ सालमा गरिएको अध्ययन र यस अध्ययनको तुलना गर्नु,
- विद्यार्थीको उपलब्धिसम्बन्धी केही अन्तर्राष्ट्रिय अध्ययन र यस अध्ययनबीच तुलना गर्नु,
- २०७० सालमा गरिने अध्ययनका लागि आधारभूत तथ्याङ्क सिर्जना गर्नु,
- विद्यालयमा गरिने लगानीको उपलब्धि अवस्था पहिचान गर्नु,
- शैक्षिक गुणस्तरमा सुधारका लागि विभिन्न सरोकारवाला निकायलाई सुझाव प्रस्तुत गर्नु ।

## अध्ययन प्रक्रिया

**अध्ययनको जिल्ला र विषय छनोट** : राष्ट्रिय उपलब्धि परीक्षण गर्दा राष्ट्रिय रूपमा प्रतिनिधित्व हुने गरी क्षेत्र (भौगोलिक तथा विकास क्षेत्र), जिल्ला, विद्यालय (सामुदायिक र संस्थागत) र विद्यार्थी (जात, भाषा, लिङ्ग) छनोट गर्नुपर्ने मान्यता राखिन्छ । यस पटकको राष्ट्रिय उपलब्धि परीक्षणमा अनुसन्धान पद्धतिका सबै सिद्धान्त र चरणहरू अवलम्बन गरी नेपालको समग्र परिवेशको प्रतिनिधित्व हुने गरी क्षेत्र, जिल्ला, तथा विद्यालय छनोट गरिएको थियो ।

अध्ययनमा हिमाली क्षेत्रका ५ जिल्ला, पहाडी क्षेत्रका १० जिल्ला, काठमाडौं उपत्यकाका तीनओटै जिल्ला र तराईका ७ जिल्ला गरी जम्मा २५ जिल्लाहरू संलग्न थिए । पच्चीस जिल्लाका १,२०१ ओटा विद्यालयहरू (सामुदायिक ८३ प्रतिशत र संस्थागत १७ प्रतिशत) सहभागी थिए । सहरी क्षेत्रका २६ प्रतिशत र ग्रामीण क्षेत्रमा ७४ प्रतिशत थिए । तीन विषय (नेपाली, गणित र सामाजिक) मा जम्मा ४८,६८२ विद्यार्थीहरू संलग्न भएका थिए भने विषयगत रूपमा नेपालीमा १६,३५०, गणितमा १६,०३३ जना र सामाजिकमा १६,२९९ जना संलग्न भएका थिए । अध्ययनमा संलग्न क्षेत्र, जिल्ला र भौगोलिक अवस्थाको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र १ : अध्ययनमा संलग्न भएका जिल्लाहरूको भौगोलिक र विकास क्षेत्रगत विवरण**



अध्ययनका क्रममा दुई प्रकारका साधनहरू (प्रश्नावली) प्रयोग गरिएको थियो । एक किसिमका साधनमा पाठ्यक्रमका आधारमा विद्यार्थीलाई सोधिने उपलब्धि परीक्षणका प्रश्नहरू थिए । अर्को किसिमका प्रश्नावलीहरूमा पृष्ठभूमि सूचना सङ्कलन गर्ने प्रश्नावली थिए । ती प्रश्नावलीहरूको विकास र विश्वसनीयतका बारेमा क्रमशः तलका अनुच्छेदहरूमा स्पस्ट पार्ने प्रयास गरिएको छ ।

**प्रश्नावली लेखन** : प्रश्नावली लेखनका लागि ५ दिने तालिम सञ्चालन गरिएको थियो । तालिममा कक्षा ८ का सम्बन्धित विषय पठनपाठन गरिरहेका शिक्षकहरू संलग्न थिए । तिनै तालिम प्राप्त व्यक्तिहरूमध्येबाट प्रत्येक विषयमा एकजना संयोजक तोकी लेखन कार्य सम्पन्न गरिएको थियो । प्रश्नावलीहरूलाई अन्तिम रूप दिने काम शैक्षिक गुणस्तर परीक्षण केन्द्रको विज्ञहरूसमेत संलग्न सम्वन्धित विषय समितिबाट भएको थियो ।

**पृष्ठभूमि सूचनाका प्रश्नावली** : पृष्ठभूमि सूचनाहरू उपलब्धि परीक्षणका प्राप्तिसँग सम्बन्ध स्थापित गर्ने अर्थात् कुन र कस्तो प्रकृतिका विद्यार्थीले के कस्तो उपलब्धि हासिल गरे, कुन कुन तत्त्वहरूले उपलब्धिमा असर गर्छ जस्ता पक्षलाई सम्बोधन गर्न तलको चित्रमा दिए जस्तै एउटा अवधारणागत तथा सैद्धान्तिक खाका तयार गरी त्यसैका आधारमा प्रश्नावली विकास गरिएको थियो ।

**चित्र २ : पृष्ठभूमि सूचनाका प्रश्नावली विकासका आधारहरू**



माथि उल्लेख गरिएका आठ विषयक्षेत्र अन्तर्गतका प्रत्येक विभिन्न तत्त्वहरूमध्ये कुन तत्त्वको प्रभाव कस्तो हुँदो रहेछ भनी तथ्याङ्क विश्लेषण गरिएको थियो । प्रतिवेदनमा महत्त्वपूर्ण प्रभाव पारेका तत्त्वहरू पहिचान गरी प्राप्तिहरू (Findings) को रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**प्रश्नावलीको पूर्व परीक्षण र अन्तिम रूप प्रदान** : प्रश्नावलीहरू विकास गरेपछि देशका १३ जिल्लाका ९० विद्यालयमा पूर्व परीक्षण गरिएको थियो । परीक्षण गरी त्यसका प्राप्ताङ्कहरू कम्प्युटरमा प्रविष्टी गरी तथ्याङ्कशास्त्रीय विधिबाट विश्वसनीयता (Reliability) निकाली उपयुक्त प्रश्नावलीहरू छनोट गरिएको थियो । पूर्वपरीक्षण गरिएका ४ सेटबाट ३ सेट प्रश्नपत्र निर्माण गरी अन्तिम परीक्षणमा गरिएको थियो । प्रश्नावलीको सेट तयार गर्ने क्रममा प्रमुख रूपमा चार पक्षमा विशेष ध्यान पुऱ्याइएको थियो । ती पक्षहरू छन् : (१) पाठ्यक्रमको सबै क्षेत्रलाई सम्बोधन गर्ने गरी विशिष्टीकरण तालिका निर्माण, (२) सिकाइका संरचनात्मक तह (ज्ञान, सीप, प्रयोग, उच्च क्षमता) सबै प्रकारका प्रश्नको निश्चित सङ्ख्या र भार, (३) सन् २००८ मा गरेको अध्ययनमा आधारित करिब १२ प्रतिशत प्रश्न र चार अन्तर्राष्ट्रिय अध्ययन (पीसा, टिम्स) का करिब १२ प्रतिशत प्रश्न रहेका थिए ।

**अन्तिम परीक्षण** : अन्तिम परीक्षणलाई प्रभावकारी र व्यवस्थित गराउन परीक्षणका लागि छनोट भएका २५ ओटै जिल्लाका जिल्ला शिक्षा कार्यालयमा सम्पर्क व्यक्ति (Focal Person) तोक्न लगाई ती सम्पर्क व्यक्तिहरूका लागि एक दिने कार्यशाला आयोजना गरिएको थियो । विद्यालयमा परीक्षण कार्य सञ्चालन जिल्ला शिक्षा कार्यालयको विशेष निगरानी, रेखदेख एवम् व्यवस्थापनमा र शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा मन्त्रालयका कर्मचारीबाट अनुगमन गरी सञ्चालन गरिएको थियो ।

अध्ययन कार्य सम्पन्न गर्न पूरा गर्नुपर्ने क्रियाकलापहरूमध्ये प्रश्नावलीको छपाइ, परीक्षणका प्रशासनिक कार्य, प्रश्नपत्र (प्रश्नावली) परीक्षण र प्राप्ताङ्क कम्प्युटरमा प्रविष्टीकरण गरी प्रमुख चारओटा कार्यहरू बाह्य परामर्श सेवा प्रदायक संस्था (शिक्षा विकास केन्द्र) मार्फत् सम्पन्न गराइएको थियो ।

## प्रयुक्त प्रविधि र प्राविधिक सहयोग

यो अध्ययन शिक्षा मन्त्रालय पद्धतिअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण एकाइ (National Assessment of Student Achievement Unit) स्थापना गरी मन्त्रालयकै स्रोत र साधनबाट सम्पन्न गरिएको हालसम्म कै बृहत (ठूलो सङ्ख्यामा विद्यार्थी, विद्यालय र जिल्ला समेटिएको) अध्ययन हो । यस अध्ययनमा विशेष गरी तल दिइएका प्रविधि र प्राविधिक सहयोगको उपयोग गरिएको छ :

- **आइ.आर.टी. (IRT) नमुना (Model) उपयोग** : यो अध्ययनको औसत उपलब्धिलाई सन् २००८ को अध्ययन तथा अन्तर्राष्ट्रिय अध्ययन (TIMSS र PISA) को औसत उपलब्धिसँग तुलना गर्न आइ.आर.टी. (IRT) नमुनाको प्रयोग गरिएको


छ । यसका साथै प्रश्नपत्रका विभिन्न सेटहरूलाई एक अर्कासँग तुलना योग्य बनाउनका लागि समेत आइ.आर.टी. नमुनामा आधारित कम्प्युटर Software (OPLM) नेपालमा पहिलो पटक उपयोग गरिएको थियो । यसले अध्ययनको गुणस्तर र विश्वसनीयता समेत वृद्धि गरेको छ ।

- **अन्तर्राष्ट्रिय परामर्श सेवा** : कक्षा ८ को प्रथम चक्र पूरा गर्ने अवधिभर नै अन्तर्राष्ट्रिय तहका र राष्ट्रिय उपलब्धि परीक्षणमा विज्ञता हासिल गरेका एकजना परामर्शदाता संलग्न हुनु यस अध्ययनको थप विशेषता हो ।
- **प्राविधिक समितिबाट प्राविधिक सहयोग** : अध्ययनका क्रममा यसको प्राज्ञिक, प्राविधिक र प्रशासनिक पक्षमा मन्त्रालय पद्धतिभन्दा बाहिरका वरिष्ठ विज्ञहरूको प्राविधिक समितिबाट निरन्तर पृष्ठपोषण प्राप्त गर्नु यसको महत्त्वपूर्ण विशेषता रहेको थियो ।

## प्रमुख प्राप्तिहरू, चासो र सुझाव (Major Findgings, Challeges and Suggestion)

१. **विषयगत उपलब्धिस्तर** : विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण गरिएका तीनओटा विषयहरूको उपलब्धि अवस्था तलको चित्रमा दिइएको छ ।

**चित्र ३ : कक्षा ८ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धिको प्रतिशत, २०६८**




तीनओटा विषयहरूमा गणित विषयको उपलब्धिस्तर तुलनात्मक रूपमा कम छ : नेपाली र सामाजिक अध्ययन विषयमामा ४९ प्रतिशत छ भने गणितमा ४३ प्रतिशत छ। सबै विषयहरूमा औसत प्राप्ताङ्क ५० प्रतिशतसम्म विद्यार्थीले प्राप्त गर्न नसक्नुले राष्ट्रिय स्तरमा विद्यार्थीको उपलब्धि अवस्था निकै कमजोर रहेछ भन्ने तथ्य देखिन्छ। त्यसैगरी गणित विषयमा नै उपलब्धि किन कम भयो भन्ने सम्बन्धमा सम्बद्ध निकायबाट उपयुक्त चासो राख्दै थप खोज र अनुसन्धानको आवश्यकता देखिन्छ।

- पाठ्यक्रम विकास केन्द्रले अन्य विषयमा भन्दा किन त्यस विषयमा कम भयो भनी विषय विज्ञहरूबीच छलफल गराउन र समस्याको कारण पहिचान गरी त्यसका आधारमा समाधानको वस्तुनिष्ठ उपाय खोजी गर्नुपर्ने देखिन्छ।
- त्यसैगरी शिक्षक तालिम, कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलाप आदि सबै पक्षमा गणित विषयका बारेमा थप प्रयासहरूको आवश्यकता देखिन्छ। गणित विषयमा विषयगत समितिहरूका लागि छलफलको विषय बन्नुपर्छ।
- प्रत्येक विद्यालयमा गणित विषयका सन्दर्भमा अनिवार्य रूपमा ध्यान आकृष्ट हुनुपर्ने देखिन्छ।

२. **छात्र र छात्राको तुलना** : लैङ्गिक पक्षमा छात्र र छात्राको औसत उपलब्धि अवस्थालाई तुलनात्मक रूपमा तलको तालिकाले प्रतिनिधित्व गरेको छ :

**चित्र ४ : कक्षा ८ का विद्यार्थीको छात्र र छात्राको राष्ट्रिय औसत उपलब्धिको प्रतिशत, २०६८**



लैङ्गिक पक्षमा छात्र र छात्राको उपलब्धि अवस्था तुलना गर्दा छात्रको औसत उपलब्धि बढी देखिएको छ जसमा छात्रको ४८ प्रतिशत छ भने छात्राको ४६ प्रतिशत छ तर नेपाली विषयमा भने छात्राको उपलब्धि एक प्रतिशतले बढी देखिएको छ, जसको उपलब्धि ४९ प्रतिशत छ। गणितमा छात्र ४५ प्रतिशत, छात्रा ४१ प्रतिशत र सामाजिकमा छात्रको ५० प्रतिशत र छात्राको ४९ प्रतिशत उपलब्धि रहेको छ। गणितमा भिन्नता केही उच्च भए पनि अन्य दुई विषयको भिन्नता भने ज्यादै न्यून रहेको छ।

छात्राको नेपाली विषयमा किन राम्रो भयो र अन्य विषयमा किन कम भयो तथा गणितमा तुलनात्मक रूपमा किन छात्रको निकै राम्रो छ भन्ने विषयमा थप छलफल र अध्ययनको आवश्यकता देखिन्छ। छलफल र अध्ययनसँगै उपयुक्त सुधारका प्रयासहरू गर्नुपर्ने देखिन्छ। पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई लैङ्गिक पक्षबाट विश्लेषण गर्नुपर्ने देखिन्छ। त्यसैगरी शिक्षक तालिमका प्रयासहरूलाई लैङ्गिक दृष्टिबाट पुनरावलोकन गर्नुपर्ने कुराको सङ्केत यस अध्ययनले गरेको छ। सबैभन्दा महत्त्वपूर्ण पक्ष प्रत्येक विद्यालयले आ-आफनो विद्यालयको वार्षिक उपलब्धि स्तरलाई लैङ्गिक दृष्टिले विश्लेषण गरी आवश्यक सुधारका प्रक्रिया अवलम्बन गर्नु पर्ने देखिन्छ। साथै शिक्षकले कक्षाकोठामा गर्ने शिक्षणसिकाइ क्रियाकलापमा समेत यो पक्षमा ध्यान दिनुपर्ने देखिन्छ

३. **ग्रामीण र सहरी क्षेत्रको तुलना** : ग्रामीण र सहरी विद्यालयबीचमा तुलना गर्दा सहरी विद्यालयको उपलब्धि स्तर ५२ प्रतिशत छ भने ग्रामीण क्षेत्रका विद्यालयहरूको उपलब्धि स्तर ४५ प्रतिशत छ। तर काठमाडौं उपत्यकामा तीनओटा जिल्ला बाहेकको तुलना गर्दा ग्रामीण क्षेत्रको उपलब्धि ४७% प्रतिशत देखिएबाट सहर र गाउँबीच उल्लेख्य भिन्नता छैन।


शैक्षिक व्यवस्थापनका सबै पक्षलाई यो विषय चुनौतीपूर्ण देखिन्छ। अनुगमन तथा मूल्याङ्कन, शैक्षिक व्यवस्थापन, शिक्षक व्यवस्थापन आदि प्रयासहरूमा ग्रामीण पक्षलाई अझ बढी जोड दिनुपर्ने देखिएको छ। ग्रामीण भेगका विद्यालयहरूका निम्ति आ-आफ्नो विद्यालयको औसत अवस्था पहिचान गरी राष्ट्रिय उपलब्धिसँग तुलना गरी तत्काल सुधारका उपायहरू सुरु गर्नुपर्ने देखिन्छ। त्यसै गरी जि.शि.का., वि.नि., स्रोत व्यक्ति आदि सबैका लागि यो विषयलाई मनन गरी आफ्नो कार्यप्रक्रियामा सुधार ल्याउनु पर्ने कुरा यस अध्ययनले सङ्केत गरेको छ।

४. **विद्यार्थीको र विद्यालयबीचको उपलब्धिमा ठूलो भिन्नता** : अध्ययनबाट कम र बढी उपलब्धि हासिल गर्ने विद्यार्थीहरूबीचको उपलब्धिमा अत्यन्त ठूलो भिन्नता देखिएको छ। अध्ययनमा संलग्न धेरै विद्यार्थीहरूको उपलब्धिस्तर अपेक्षा गरे भन्दा निकै कम रहेको छ। तथापि कतिपय विद्यार्थीको भने निकै उच्चसमेत पाइएको छ। यस प्रकारको भिन्नताको दर संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा उच्च छ। विद्यार्थीको उपलब्धिमा ठूलो भिन्नता हुनुले शैक्षिक प्रणालीको सक्षमता कमजोर हो भन्ने कुराको सङ्केत गर्दछ। विद्यार्थीको उपलब्धिमा विद्यालय पद्धतिभन्दा उनीहरूको व्यक्तिगत प्रयास हावी छ भन्ने कुराको सङ्केत यसबाट मिल्छ। त्यसै गरी विद्यालयहरूमा विशेष गरी सामुदायिक विद्यालयहरूको उपलब्धिमा अत्यन्त ठूलो भिन्नता पाइएको छ।

अध्ययनको यो प्राप्तिले शिक्षाका सरोकारवाला सबैलाई आ-आफ्ना कामका बारेमा एक पटक सोच्नु पर्ने स्थिति सिर्जना गरेका छ। विशेष गरेर विद्यालयहरूले प्रत्येक कक्षा र विषयको विद्यार्थीको औसत उपलब्धि पहिचान गरी के कति समानता (Homoginity) र के कति असमानता (Heteroginity) छ पहिचान गरी त्यसैका आधारमा सुधारका प्रक्रिया अग्रसारित गर्न सकिन्छ। जति जति विद्यार्थीको औसत उपलब्धिमा भएको भिन्नतालाई नजिक ल्याउन सकिन्छ उति उति शैक्षिक पद्धति सफल हुँदै जान्छ भन्ने कुरालाई सबैले मनन् गर्नु पर्ने देखिन्छ। अर्कोतर्फ स्रोतकेन्द्र, विद्यालय निरीक्षण क्षेत्र, जिल्ला स्तरमा आ-आफ्नो कार्य क्षेत्रमा विद्यालयहरूबीचको औसत उपलब्धि अवस्था पहिचान गरी विद्यालयहरूबीच औसत उपलब्धि बीचको दुरीलाई कसरी कम बनाउन सकिन्छ यसका लागि तत्कालै छलफल प्रारम्भ गर्नुपर्ने देखिन्छ।

५. **आर्थिक, सामाजिक अवस्था र विद्यार्थीको उपलब्धि स्तर :** यस अध्ययनको अर्को एउटा महत्त्वपूर्ण पक्ष आर्थिक, सामाजिक अवस्था र विद्यार्थीको औसत उपलब्धिस्तर बीचको सम्बन्ध पनि हो। सामान्यतया राम्रो आर्थिक, सामाजिक अवस्था भएका समुदाय (घर परिवार) का विद्यालयहरूको औसत उपलब्धि स्तर राम्रो देखिएको छ। तथापि कमजोर आर्थिक अवस्था भएका केही सामुदायिक विद्यालयहरूको उपलब्धिस्तर पनि निकै राम्रो पाइएको छ। तलको चित्रबाट यो कुरा स्पष्ट हुन्छ ।

**चित्र ५ : विद्यालयहरूको औसत समग्र उपलब्धिको अवस्था**





चित्रमा विद्यालयको उपलब्धि जनाउने वृत्तहरूको बीचबाट जाने मोटो सिधा रेखाले सामाजिक, आर्थिक अवस्थाकाआधारमा हुनुपर्ने औसत उपलब्धि जनाउँछ। यहाँ सामाजिक आर्थिक अवस्था र उपलब्धिबीचको सहसम्बन्ध (Correlation) ०.४६ रहेको छ।

यस कुराले कमजोर आर्थिक सामाजिक अवस्था भएका र औसत उपलब्धि अवस्था पनि कमजोर भएका विद्यालयहरूका लागि यो सिकाइको पाठ हुन सक्छ । यस प्रकारका विद्यालयबाट के के र कसरी सिकाइ हुन्छ भन्ने कुरा नीति निर्धारण तहमा व्यापक छलफलको विषय भएको छ । नीति निर्धारण तहमा त्यस प्रकारका कमजोर विद्यालयहरू र राम्रा विद्यालयहरूको उपलब्धि स्तरमा असर गर्ने तत्त्वहरू पहिचान गरी समाधानको उपाय खोज्न जरुरी छ । त्यस्ता विद्यालयहरू छनौट गरी थप प्रयासका आधारमा उपयुक्त नीतिगत निर्णय लिनु आवश्यक देखिएको छ । त्यसैगरी त्यस्ता उपलब्धि स्तर कमजोर भएका विद्यालयहरूले समान आर्थिक सामाजिक अवस्था भएका, राम्रो शैक्षिक उपलब्धि स्तर हासिल भएका विद्यालयबाट पाठ सिक्नु पर्ने देखिन्छ । त्यसैगरी केही सामुदायिक विद्यालयहरू सामाजिक आर्थिक अवस्था कमजोर भएको घर परिवारका बालबालिका पढ्ने क्षेत्रका भए तापनि उच्च औसत उपलब्धि स्तर देखाउन सफल भएका छन् । ती आर्थिक सामाजिक अवस्था कमजोर भएका घर परिवारका बालबालिका पढाइ उच्च उपलब्धि हासिल गर्ने सामुदायिक विद्यालयहरू सबैको लागि सिकाइको थलो हुनु पर्ने देखिन्छ ।

६. **संस्थागत र सामुदायिक विद्यालयबीचको उपलब्धिस्तर :** संस्थागत र सामुदायिक विद्यालयबीचको उपलब्धिस्तरमा ठूलो भिन्नता देखिएको छ । संस्थागत विद्यालयको औसत उपलब्धि ६३ प्रतिशत छ भने सामुदायिक विद्यालयको औसत उपलब्धि प्रतिशत ४४ छ । तर यी दुई थरी विद्यालयले गर्ने सेवा क्षेत्र (विद्यार्थी र उनीहरूको घरको आर्थिक, सामाजिक अवस्था) फरक देखिएकाले यी दुई थरी विद्यालय बीच तुलना गर्न नमिल्ने आधारसमेत अध्ययनले उजागर गरेको छ ।

**चित्र ६ : सामुदायिक र संस्थागत विद्यालयहरूको औसत समग्र उपलब्धिको अवस्था**



यस सन्दर्भमा चाखलाग्दो कुरा के छ भने सबैजसो संस्थागत विद्यालयहरू सामाजिक तथा आर्थिक अवस्था राम्रो भएका घर परिवारका बालबालिका पढ्ने विद्यालयका रूपमा देखिन्छ। चित्रअनुसार केही संस्थागत विद्यालय र धेरै जसो सामुदायिक विद्यालयहरूको औसत विद्यार्थी उपलब्धि प्रतिशत निकै कम देखिएको छ।

यस प्राप्तिबाट दुईओटा प्रमुख सिकाइका पाठ देखिएका छन्। पहिलो, संस्थागत विद्यालयहरू सामुदायिक विद्यालयका लागि सिकाइका विषय बनेका छन्। सामुदायिक विद्यालयका कुन कुन कमजोरी पक्षलाई संस्थागत विद्यालयले सबल बनाए र राम्रो उपलब्धि हासिल गरे भन्ने कुरा पहिल्याउन आवश्यक देखिएको छ। दोस्रो धेरैजसो संस्थागत र केही सामुदायिक विद्यालयहरू उस्तै आर्थिक सामाजिक अवस्थाका बावजुद पनि उच्च उपलब्धि स्तर कायम गर्न सफल भएका छन्। ती राम्रो गर्ने विद्यालयबाट कमजोर अवस्था भएकाका विद्यालयले सिक्नु पर्ने देखिन्छ। विद्यालय मात्र होइन नीति निर्माण, कार्यान्वयन, अनुगमन आदि व्यवस्थापनका पक्ष एवम् पाठ्यक्रम विकास, शिक्षक विकास र व्यवस्थापन आदि सबै पक्षले संवेदनशील भएर सोच्नु पर्ने अवस्था विद्यमान छ।

७. **मातृभाषा नेपाली भएका र नभएका विद्यार्थीको उपलब्धि** : सबै विषयको औसत उपलब्धि स्तरमा मातृभाषा नेपाली नभएका विद्यार्थीको अवस्था कमजोर पाइयो। तर दलित समुदाय जुन नेपाली भाषा बोल्छन् (मधेसी) दलित बाहेक) को उपलब्धिको अवस्था कमजोर छ। त्यसैगरी नेपाली मातृभाषा भएका मुस्ताङ जिल्लाको नेपालीमा उपलब्धि स्तर राम्रो देखिएको छ।

भाषाका कारण मात्र यस किसिमको भिन्नता देखिएको हो वा यसमा सामाजिक तथा सांस्कृतिक कारणहरू पनि छन् भन्ने कुरा यस अध्ययनले स्पष्ट गर्न सकेको छैन। नेपाली मातृभाषा भएका समूह/जात जातिको सांस्कृतिक, सामाजिक, पारिवारिक पृष्ठभूमि पनि महत्त्वपूर्ण कारण हुन सक्छ भन्ने तर्कहरू भएको पाइन्छ तर पनि विश्वसनीय आधार नभेटिएको हुँदा यस सम्बन्धमा थप खोजीको आवश्यकता देखिन्छ।

८. **जातजातिगत रूपमा उपलब्धिको अवस्था** : जातजातिगत रूपमा दलित समूहको उपलब्धिस्तर सबै विषयमा (नेपालीमा मधेसी बाहेक) कमजोर देखिएको छ।

कुन कुन तत्त्वका कारणले उक्त समुदायको उपलब्धि स्तर कमजोर भएको हो यस अध्ययनले स्पष्ट गर्न नसकेको भए तापनि सम्बद्ध सबै पक्षलाई थप सोच र प्रयासको क्षेत्र भएको छ। पाठ्यक्रम, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन र विशेषगरी शिक्षण सिकाइ क्रियाकलापमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। प्रत्येक विद्यालयले आ-आफ्नो विद्यालयको पठनपाठन कार्यमा दलित समुदायका विद्यार्थीलाई सम्बोधन गर्न सक्यो कि सकेन भन्ने विषयलाई ध्यान दिनुपर्ने देखिन्छ।

९. **विद्यार्थी र घरको कामको प्रभाव** : विद्यालय समयभन्दा बाहेक (विहान वा बेलुका) घरको काम गर्नाले विद्यार्थीको सिकाइमा के कस्तो असर वा प्रभाव गरेको छ भन्ने विषय नेपालको सन्दर्भमा चाखपूर्ण देखिएको छ । विद्यालय समय भन्दा बाहेक घरको काममा वा खेलकुद वा टिभी हेरेर २ घण्टासम्म बिताएका बालबालिकाको उपलब्धिस्तर कामै नगर्ने र टिभी नै नहेर्ने, खेल नखेल्ने विद्यार्थीको भन्दा राम्रो छ । तर दुई घण्टा भन्दा बढी ती क्रियाकलापमा संलग्न हुने विद्यार्थीको भने जति धेरै काम गर्छन् उही दरमा उपलब्धि स्तर कमजोर हुँदै गएको पाइएको छ ।

यो प्राप्ति अभिभावकका लागि सर्वाधिक महत्त्वपूर्ण मानिएको छ । अभिभावकहरूले सन्तुलित रूपमा विद्यार्थीको पठनपाठन र कामलाई सम्बोधन गर्नुपर्छ भन्ने सन्देश यो अध्ययनले दिएको छ ।

१०. **पाठ्यपुस्तकको उपलब्धता र उपलब्धिस्तर** : पाठ्यपुस्तकको उपलब्धताले पनि विद्यार्थीको उपलब्धि स्तरमा महत्त्वपूर्ण प्रभाव वा असर गरेको पाइएको छ । करिब २.५ प्रतिशत विद्यार्थीसँग शैक्षिक सत्रको अन्त्यसम्म पाठ्यपुस्तक थिएन भन्ने अध्ययनले देखाएको छ ।

कुन कुन विद्यालयका कस्ता विद्यालयका कुन विद्यार्थीसँग पाठ्यपुस्तक थिएन भन्ने कुरा अभिलेखबाट पहिचान गर्न सकिन्छ । यसले नीतिगत तहमा थप प्रयासको आवश्यकता औंल्याएको छ । विद्यार्थीहरू पहिचान गरी प्राप्त नहुनाको कारण पहिचान गर्नुपर्ने देखिन्छ ।

११. **प्रतिकूल वातावरण (Bullying) र उपलब्धि स्तरबीच सम्बन्ध** : विद्यालयमा विद्यार्थीहरूप्रति गरिने विभिन्न प्रकारका नराम्रा व्यवहारका कारण विद्यार्थीको उपलब्धि स्तरमा नकारात्मक प्रभाव परेको पाइयो । यस्ता नराम्रा व्यवहारको अनुभव गर्ने विद्यार्थीको उपलब्धि स्तर ४७ प्रतिशत पाइयो भने यस्ता नराम्रा व्यवहारको अनुभव नगर्ने विद्यार्थीको उपलब्धि ५२ प्रतिशत पाइयो ।

यी प्राप्तिहरू (findings) विशेष गरी विद्यालय स्तरमा आधारित छ । सिकाइ उपलब्धिमा नकारात्मक असर गर्ने तत्त्वहरू (सामग्री चोरी, जिस्काउने, अर्कै नामले बोलाउने, पिटने, हप्काउने, मन नलागेको काम गर्न बाध्य बनाउने, गल्ती नै नभै दोष लगाउने) आदि पाइएको छ । यी तत्त्वहरूलाई विद्यालयका शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन र विद्यालय निरीक्षण, अनुगमन वा सुपरिवेक्षणमा संलग्न सबैले रुजुसूचीकै रूपमा प्रयोग गर्नु पर्ने देखिएको छ । मेरो विषय शिक्षण गर्दा, मेरो विद्यालयमा वा मेरो विद्यालय निरीक्षण क्षेत्रमा वा कक्षामा अवस्था कस्तो होला भनी जानकारी लिने सम्मका प्रयासले पनि समस्याको न्यूनीकरण हुँदै जाने देखिन्छ ।

१२. **संज्ञानात्मक तह र उपलब्धिः** यो अध्ययनअनुसार संज्ञानात्मक तहमा पर्ने तहमध्ये ज्ञान तह (Knowledge), बोध तह (Comprehension), प्रयोग तह (Application) र उच्च दक्षता (Higher ability) अर्थात् विश्लेषण, संश्लेषण तथा मूल्याङ्कन तहमध्ये उपलब्धिस्तर ज्ञान तह देखि उच्च दक्षता तहसम्म क्रमशः घट्दो क्रममा देखिन्छ। तर सामाजिक विषयमा भने बोध तहमा सबैभन्दा बढी औसत अङ्क देखिन्छ।

**तालिका २ : विद्यार्थीको संज्ञानात्मक क्षेत्रअनुसारको उपलब्धि प्रतिशत**

| संज्ञानात्मक क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| १.ज्ञान | ७४ | ६८ | ५२ |
| २.बोध | ५४ | ५५ | ६६ |
| ३.प्रयोग | ४६ | ३८ | ४० |
| ४.उच्चदक्षता | ४२ | २१ | ३४ |

यस प्रकार विद्यार्थीहरूमा विश्लेषणात्मक पक्ष, उपयोग पक्ष जस्ता सिकेका कुरालाई व्यवहारमा उतार्ने पक्षमा कमजोर देखिएबाट सम्बद्ध सबै पक्षको ध्यान आकृष्ट हुनु पर्ने देखिन्छ। विद्यार्थीहरू तर्क प्रस्तुत गर्ने, सिकेका कुरालाई सामान्यीकरण गर्ने, प्रमाणित गर्ने, व्यवहारमा उपयोग गर्ने, एउटा परिवेशमा सिकेका कुरालाई अर्कै परिवेशमा सान्दर्भीकरण गर्ने जस्ता पक्षमा कमजोर देखिएका छन् । यसले विधार्थीहरूमा क्रियाकलापमा आधारित सिकाइ कम भएको, परियोजना कार्य, सिर्जनात्मक, रचनात्मक कार्यमा अभ्यास कम हुने गरेको कुरा सङ्केत गर्छ। तर्सथ सम्बद्ध सबै पक्ष जस्तै पाठयक्रम विकास र परिमार्जन, शिक्षक विकास र व्यवस्थापन, शैक्षिक नीति तथा योजना, विशेष गरी विद्यालयको पठनपाठन र मूल्याङ्कन जस्ता पक्षमा परिवर्तन गर्नुपर्ने देखिन्छ।

१३. **जिल्लागत रूपमा उपलब्धिको अवस्था :** जिल्लागत अवस्था हेर्दा अध्ययनमा संलग्न जिल्लाहरूको अवस्था अनुसूचीमा दिइएको छ। अध्ययनबाट जिल्लाहरूबीचमा अत्यन्त ठूलो भिन्नता पाइएको छ। विशेष गरी पूर्वाञ्चल विकास क्षेत्रका जिल्लाको अवस्था निकै कमजोर देखिएको छ। त्यसो हुनमा तुलनात्मक रूपमा परीक्षण सञ्चालन भएको वर्ष त्यस क्षेत्रमा विद्यालय खुल्ने दिन कम पाइनु एउटा प्रमुख कारण हुन सक्ने अनुमान छ। सामान्य र राज्यबाट समान व्यवहार गरिने र समान प्रकृतिको उपलब्धि प्राप्त हुने अपेक्षा राज्यले गरेको हुन्छ, तथापि विद्यार्थीको उपलब्धिमा जिल्लाहरूबीच आश्चर्य लाग्दो भिन्नता देखिएबाट सम्बद्ध सरोकारवाला पक्षका लागि विचारणीय विषयवस्तु बनेको छ। अध्ययनले यस प्रकारको भिन्नता किन भयो, कसरी हुन गयो जस्ता प्रश्नको उत्तर उजागार गर्न सकेको छैन। तसर्थ शिक्षा क्षेत्रमा यो विषय थप अध्ययनको विषयका रूपमा देखिएको छ।

१४. **अन्तर्राष्ट्रिय अध्ययनसँग नेपालको तुलना** : अन्तर्राष्ट्रिय तहमा विशेष गरी विश्वका आर्थिक तथा सामाजिक रूपमा सम्पन्न मुलुकहरूको समूह (OECD) को उपलब्धि स्तरको औसत प्राप्ताङ्कलाई शून्यमा राखी तुलना गर्दा विभिन्न विषय र सोअन्तर्गतका विषयक्षेत्रको तुलनात्मक अवस्था निम्नानुसार छ :

**तालिका नं. ३: विषयहरू अन्तर्गतका उपक्षेत्रहरूको अन्तर्राष्ट्रिय अवस्थासँगको तुलना**

| नेपाली | | गणित | | सामाजिक | |
|---|---|---|---|---|---|
| विषयक्षेत्र | उपलब्धि | विषयक्षेत्र | उपलब्धि | विषयक्षेत्र | उपलब्धि |
| पढाइ | -०.८८ | बीजगणित | ०.७१ | भूगोल | ०.६० |
| व्याकरण | ०.१९ | ज्यामिति | -०.२१ | इतिहास | -०.५४ |
| लेखाइ | -०.९७ | अङ्कगणित | ०.९६ | अर्थशास्त्र | -०.०७ |
| शब्दभण्डार | -०.३३ | समूह | -०.७५ | नागरिक शिक्षा | ०.२७ |
| | | तथ्याङ्कशास्त्र | -०.३२ | राजनीतिशास्त्र | ०.०२ |

अन्तर्राष्ट्रिय परीक्षण (गणित र समाजिकलाई TIMSS र नेपालीलाई PISA) सँग तुलना गर्दा समग्रमा नेपालको अवस्था अन्तर्राष्ट्रिय औसत अवस्थाभन्दा नेपाली भाषाको पढाइ, लेखाइ र शब्दभण्डारमा न्यून र व्याकरणमा उच्च रहेको देखिन्छ। नेपाली विषयको यो तुलना अनुच्छेद पढाइ (Reading comprehension passage) मा आधारित थियो। गणित विषयमा नेपालको पाठ्यक्रमसँग मिल्ने मात्र प्रश्नहरू छनोट गरिएको र सामाजिकमा भूगोलसँग सम्बन्धित मात्र प्रश्नहरू छनोट गरी त्यसैका आधारमा कठिनाइस्तरलाई आधार बनाएर तुलना गरिएको हो। यसका आधारमा प्राप्त नतिजा तालिका नं. २ मा हेर्न सकिन्छ। उक्त तुलनामा ऋणात्मक (माइनस '-') चिह्नले औसतभन्दा न्यून उपलब्धिस्तर जनाउँछ।

औसतभन्दा राम्रो भएका विषय क्षेत्रमा के कस्ता सबल (Strength) पक्ष हामीसँग थिए। हाम्रो परिवेश किन नराम्रो भयो, कमजोर उपलब्धि भएको विषय क्षेत्रमा के कस्ता कमजोरी हामीमा रहे भनी थप खोज गर्नुपर्ने देखिन्छ। विषयगत रूपमा गहिरो बुझाइ हुन जरूरी देखिएको छ। तसर्थ सरोकारवाला सबैका निम्ति यो विशेष चासोको रूपमा रहनु पर्ने दखिन्छ। विशेष गरी सम्बन्धित विषय र विषय क्षेत्रसँग सम्बन्धित विज्ञ, शिक्षक र पाठ्यक्रम, विकास तथा परिमार्जन एवं शिक्षक विकास तथा व्यवस्थापन निकायका लागि विशेष छलफलको विषय हुनुपर्छ ।

१५. **घरमा उपलब्ध हुने पढाइका सहयोगी सामग्रीको प्रभाव :** अध्ययनले विद्यार्थीलाई घरको पढाइलाई सहयोग गर्ने सहयोगी पाठ्यपुस्तक, क्याल्कुलेटर, शब्दकोश (Dictonary), पढ्ने कोठा, कम्प्युटर जस्ता सुविधाहरू जति बढी उपलब्धि हुन्छ त्यही दरमा उपलब्धिस्तर बढेको पाइएको छ । उदाहरणका लागि सामाजिक विषयमा बालबालिकासँग उल्लिखित सामाग्रीमध्ये ६ ओटै छैन् भने औसत उपलब्धि ४९ वा ३ ओटासम्म मात्र छन् भने औसत उपलब्धि ४५ प्रतिशत पाइएको छ । त्यस्तै १० देखि १२ ओटासम्म हुँदा औसत उपलब्धिस्तर ५३ प्रतिशत भन्दा बढी पाइएको छ । (अनुसूची क्र.सं. १२ हेर्नुहोला)

यस प्राप्तिले अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन, नीति निर्माण र कार्यान्वयन निकाय सबैलाई आ-आफ्नो भूमिकालाई यसतर्फ केन्द्रित गर्न घच्घच्याएको छ । यी सामग्री र सुविधाको सूची बनाएर आ-आफ्नो क्षेत्रबाट के कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा विश्लेषण गर्नुपर्ने देखिन्छ । अभिभावकका निम्ति यो सर्वाधिक महत्त्वपूर्ण हुने देखिन्छ ।

१६. **विषयगत र वस्तुगत प्रश्नबीच तुलना** : विद्यार्थीको उपलब्धि परीक्षणमा सोधिएका विषयगत र वस्तुगत प्रश्नहरूको उत्तरको औसत उपलब्धि प्रतिशतमा निकै ठूलो भिन्नता पाइएको छ । विषयगत प्रश्नका औसत उपलब्धि प्रतिशत नेपाली, गणित र सामाजिकमा क्रमशः ४०, २५ र ३६ छ भने वस्तुगत प्रश्नमा क्रमशः ५८, ६० र ६९ पाइएको छ । यसले के सङ्केत गर्दछ भने विद्यार्थीहरू कारण दिने, तर्क प्रस्तुत गर्ने, समस्या समाधान गर्ने, चित्रात्मक प्रस्तुति, सिद्धान्त प्रमाणित गर्ने, आकृतिहरू कोर्ने जस्ता पक्षमा कमजोर छन् ।

संज्ञानात्मक तहका धेरै प्रश्नहरू वस्तुगतमध्ये ज्ञान र बोध तहका धेरै प्रश्नहरू वस्तुगत भएको हुदा यसबाट पनि विद्यार्थीहरूमा याद गर्ने, सामान्य प्रश्नहरूको सहज उत्तर दिने जस्ता पक्षमा सबल देखिन्छन् भने विश्लेषण, संश्लेषण, तर्क गर्ने, समान्य काम गर्ने जस्ता पक्षमा कमजोर देखिएकाले विद्यार्थीलाई यी कमजोर पक्षमा कसरी सबल बनाउन सकिन्छ त्यसतर्फ सबैको ध्यान जानुपर्ने देखिन्छ ।

१७. **पठनपाठन प्रक्रियामा गृहकार्यको प्रभाव :** पठनपाठन प्रक्रियामा गृहकार्यको प्रभाव अत्यन्त महत्त्वपूर्ण देखिएको छ । गृहकार्य दिने र परीक्षण गर्ने र गृहकार्य नै नदिने विद्यार्थीहरूको औसत उपलब्धिस्तर क्रमशः ४८ प्रतिशत र ३९ प्रतिशत छ । अझ चाखलाग्दो विषय के छ भने गृहकार्य दिने तर गृहकार्यको परीक्षण नगर्ने र गृहकार्य दिँदै नदिने विद्यार्थीहरूको औसत उपलब्धिमा कुनै भिन्नता छैन ।

यो विषय पढाउने विषय शिक्षकसँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिन्छ । विद्यालयका प्रधानाध्यापक, अनुगमनसँग सम्बद्ध सरोकारवाला, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकले विशेष चासोका साथ यस विषयलाई सम्बोधन गर्न मद्दत गर्नुपर्ने हुन्छ ।

गृहकार्य दिने, दिएको गृहकार्य परीक्षण गर्ने, परीक्षण पछि पृष्ठपोषण दिने जस्ता कार्यबाट विद्यार्थीको व्यक्तिगत भिन्नताका आधारमा शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित गराउनु पर्ने कुराको सङ्केत अध्ययनको प्राप्तिबाट ज्ञात हुन्छ ।

१८. **हिमाल, पहाड, र तराई/मधेसबीचको तुलना** : हिमाल, पहाड, र तराई/मधेसबीचको तुलना गर्दा हिमाल भेगको औसत उपलब्धि केही माथि देखिन्छ । तर नेपाली विषयमा भने पहाडी भेगको राम्रो देखिएको छ । त्यस्तै काठमाडौं उपत्यकाको भने उल्लेख्य रूपमा राम्रो पाइएको छ ।

भौगोलिक अवस्थाअनुसारको भिन्नता हुनुमा विभिन्न कारण हुन सक्छन् । ती कारणहरूमध्ये भाषागत प्रभाव एक हुन सक्छ । नेपाली भाषा बोल्नेको सङ्ख्या पहाडी भेगमा बढी भएकोले भाषाको प्रभावले पनि नेपाली विषयमा राम्रो उपलब्धि प्राप्त भएको हुन सक्छ । तथापि यस सम्बन्धमा थप विश्लेषण हुन जरूरी छ ।

१९. **विकास क्षेत्रगत रूपमा औसत उपलब्धि** : विकास क्षेत्रगत रूपमा औसत उपलब्धि नेपाली र सामाजिक विषयमा पश्चिमाञ्चलको राम्रो देखिएको छ भने गणित विषयमा मध्यमाञ्चलको राम्रो देखिएको छ ।

२०. **विद्यार्थीको उमेर र उपलब्धिबीचको सम्बन्ध**: विद्यार्थीको उमेर र उपलब्धिमा पनि चाख लाग्दो अन्तर छ । कक्षा ८ को लागि उपयुक्त उमेर १३ वर्ष उमेर समूहका विद्यार्थीको उपलब्धि अरू उमेर समूहको भन्दा राम्रो छ । उमेर जति बढी हुँदै जान्छ उपलब्धि उतिउति घट्दै गएको देखिएको छ ।

२१. **घरमा बाबुआमा, दाजु-दिदी वा अरूको सहयोग र उपलब्धिमा त्यसको प्रभाव** : पठनपाठनमा असर गर्ने अर्को तत्त्व घरमा पठनपाठनमा हुने सहयोग रहेछ । जुन विद्यार्थीको घरमा दिदीहरू वा दाजुहरूले सहयोग गर्छन् उनीहरूको उपलब्धिस्तर राम्रो छ । त्यसपछि आमाको र आमापछि बाबुको सहयोगले सिकाइमा सकारात्मक असर पारेको पाइएको छ ।

नेपाली संयुक्त परिवारको विशेषताको महत्त्व यस प्राप्तिले देखाएको छ । आपसमा मिली काम गर्ने संस्कार जस्तै घरको परिवारको सहयोग लिने विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेख्य प्रभाव पारेको देखिन्छ । सामान्यतया बालबालिकाहरू र दिदी तथा दाजुभाइ बढी लाभान्वित भएका छन् । यो अभिभावक र विद्यार्थीका लागि अनुकारणीय पक्ष हो भन्न सकिन्छ ।

२२. **विद्यार्थी र विद्यालयबीचको सम्बन्ध** : अध्ययनको अर्को एउटा महत्त्वपूर्ण पक्ष विद्यार्थी र विद्यालयबीचको भावनात्मक सम्बन्ध पनि रहेको छ । जुन विद्यार्थीहरू विद्यालयका शिक्षकप्रति सकारात्मक देखिन्छन्, उनीहरूको उपलब्धिस्तर तुलनात्मक रूपमा निकै राम्रो पाइएको छ ।

यसले विद्यालयमा सिकाइमैत्री वा विद्यार्थीमैत्री वातावरण आवश्यक हुँदो रहेछ भन्ने कुरा स्पष्ट गरेको छ। हरेक विद्यालयले यो विषयलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ। विद्यालयप्रति सबै विद्यार्थीलाई कसरी सकारात्मक बनाउने भन्ने बारेमा विद्यालयमा व्यापक छलफल संस्कृतिको आवश्यकता देखिन्छ। विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न, विद्यालयको प्रथम कर्तव्य देखिएको छ। विद्यार्थीको व्यक्तिगत अवस्था, आवश्यकता, क्षमतालाई विद्यालयले सम्बोधन गर्ने वातावरण विकसित हुँदा विद्यार्थीमा स्वतः उपलब्धि बढी हुने देखिन्छ।

२३. **शिक्षकको प्रभाव** : अध्ययनबाट विद्यार्थीको उपलब्धिस्तरमा शिक्षकको प्रभाव उल्लेख्य देखिएको छ। यो प्रभाव सामान्य अवस्था भन्दा निकै उच्च देखिन्छ। अन्तर्राष्ट्रियस्तरमा विद्यार्थीको सिकाइमा शिक्षकले पार्ने प्रभाव भन्दा नेपालमा निकै उच्च देखिएको छ। विद्यालयको वातावरण, घरको अवस्था, पाठ्यसामग्रीको उपलब्धताभन्दा शिक्षकको प्रभाव उच्च छ। यसमा अझ उल्लेखनीय कुरा के छ भने ४८ वर्ष उमेरपछि शिक्षकको पठनपाठनमा प्रभावकारिता क्रमश घट्दै गएको देखिन्छ।

तुलनात्मक रूपमा विद्यार्थीको सिकाइमा प्रभाव पार्ने धेरै तत्त्वहरूमध्ये शिक्षक प्रमुख तत्त्वका रूपमा देखिएको छ। शिक्षक उमेरले पनि पठनपाठनमा महत्त्वपूर्ण प्रभाव पार्ने देखिएकाले उमेर बढी भएका शिक्षकलाई तल्लो पुस्ताबाट सिक नत्र समय सापेक्ष भईंदैन, लोकप्रिय हुन सकिंदैन भन्ने कुरा महसुस गराउनु पर्ने देखिएको छ। राम्रो र असल शिक्षक हुन आउँदो पुस्ताबाट पनि सिक्दै गर्नुपर्छ भन्ने सन्देश अध्ययनबाट मिलेको छ भने यो पक्ष नीतिगत तहमा व्यापक बहस र चिन्ताको विषय भएको छ। कठोर र निर्भीक खालका नीतिगत निर्णयको अपेक्षासमेत यसले गर्दछ।

२४. **लेखाइ र पढाइमा उपलब्धि** : भाषाका प्रमुख दुई विधा लेखाइ र पढाइको अवस्था पहिचान गर्न सेफर (युरोपियन मुलकहरूमा प्रयोग गर्ने स्तरीकृत पद्धति) उपयोग गरिएको थियो, जसअनुसार विद्यार्थीहरूले आफूसँग परिचित तालिका, क्यालेन्डर, सामान्य सरल भाषाका किताब पढ्न सक्ने देखिएको छ। त्यसैगरी उनीहरू सामान्य खालका दैनिक जीवनसँग परिचित घटना, पूर्व क्रियाकलाप, उनीहरूका दैनिक वातावरणमा परिचित निवेदन, फोनबाट प्राप्त समाचार, चिठी आदि लेख्न सक्छन्। लेखाइ र पढाइमध्ये लेखाइमा उपलब्धिस्तर कम देखिन्छ। यस सम्बन्धमा उल्लेखनीय पक्ष के छ भने हाम्रो पाठ्यक्रमले लेखाइलाई पाठ्यभार बढी तोकेको छ। यस प्रसङ्गमा अर्को उल्लेखनीय पक्ष के छ भने मातृभाषा नेपाली नभएका विद्यार्थीको पढाइ तथा लेखाइमा उपलब्धि कमजोर देखिन्छ। त्यसैगरी नेपाली मातृभाषा भएको र नभएकाको तुलना गर्दा नेपाली भाषा मातृभाषा नभएको उल्लेख गरेका विद्यार्थीको माथिल्ला कक्षामा अध्ययन गर्नका लागि पढाइ तथा लेखाइ क्षमता र सीप

अपेक्षाकृत विकास भएको देखिँदैन । मूल रूपमा निबन्ध, प्रतिवेदन, सारांश लेखन, आफ्नो दृष्टिकोण प्रस्तुति, अरूको विचारलाई प्रस्तुति गर्ने जस्ता पक्षमा विद्यार्थीहरू कमजोर देखिन्छन् । यसले उच्च तहमा पहुँच र भर्ना दरमा महत्त्वपूर्ण प्रभाव पार्ने देखिन्छ ।

नेपाली भाषामा तुलानात्मक रूपमा लेखाइमा विद्यार्थीहरूमा कमजोर देखिएता पनि अन्तर्राष्ट्रिय अवस्थासँग तुलना गर्दा विद्यार्थीमा नेपाली विधार्थीको औसत अवस्था(अन्तराष्ट्रिय औसत अवस्था) भन्दा कमजोर देखिएको छ । अन्तर्राष्ट्रिय अवस्थासँग तुलना गर्दा व्याकरण बाहेकका क्षेत्रमा कमजोर देखिएबाट सम्बन्धित सरोकारवालाका लागि चिन्ता र चासोको विषय भएको छ । पाठ्यक्रमको कारण वा शिक्षण तयारीका कारण वा पठनपाठन वा हाम्रो सामाजिक परिवेश आदि के कारणले त्यसो हुन गएको हो भन्ने बारेमा थप प्रयासको आवश्यकता देखिन्छ ।

२५. **विद्यार्थीको उपलब्धिमा उल्लेख्य भिन्नता** : राम्रो गर्ने र नराम्रो गर्ने विद्यार्थी र विद्यालय दुवैमा उल्लेख्य भिन्नता देखिएको छ । भिन्नताको हद सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा कम छ । विद्यार्थीहरूको औसत उपलब्धि प्रतिशत अत्यन्त न्यून र निकै उच्च हुनु, त्यसैगरी केही विद्यालयको उपलब्धि निकै कम र केहीको निकै बढी हुनु समग्र शैक्षिक पद्धतिको लागि महत्त्वपूर्ण चुनौती हो ।

राज्यको तर्फबाट सबैमा समानता कायम गर्ने नीतिअनुसार लगानी र अन्य प्रयासहरू हुँदाहुँदै यस प्रकारको भिन्नताले यस परिप्रेक्ष्यमा थप प्रयास गर्नुपर्ने हो वा भइरहेका प्रयासहरूलाई समता र समानताका दृष्टिले पुनः विचार र विश्लेषण गर्नुपर्ने हो भन्ने बारेमा थप स्पष्ट हुनु पर्ने देखिन्छ । विशेष गरी नीतिगत तहमा साथै पाठ्यक्रम, शिक्षक विकास र व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण आदि सबै पक्षको लागि यो चुनौतीको विषयका रूपमा देखापरेको छ ।

२६. **विद्यार्थीको विद्यालय र शिक्षकप्रतिको धारणा** : अध्ययनको एउटा महत्त्वपूर्ण पक्ष विद्यालय र शिक्षकको विद्यार्थीसँगको सम्बन्ध देखिएको छ । विद्यालयले आफूप्रति सकारात्मक र व्यक्तिगत रूपमा ध्यान दिएको अनुभव गर्दै उसको बानी व्यहोरा र पढाइका विषयमा जानकारी राखिएको छ भन्ने लागेका विद्यार्थीको उपलब्धिस्तर राम्रो देखिएको छ ।

विद्यालय र शिक्षकका लागि यो प्राप्ति आफैँमा सुझावका रूपमा देखापरेको छ, अर्थात विशेष मनन गर्नुपर्ने विषय भएको छ । शिक्षक र विद्यालयले विद्यार्थीलाई कसरी शिक्षकप्रति सकरात्मक बनाउने भन्ने विषयमा व्यापक प्रयास गर्नु पर्ने देखिन्छ । अभिभावकका लागि समेत यो विषय मननयोग्य छ । अभिभावक र शिक्षकका बीच सम्बन्ध प्रगाढ हुँदै जाँदा विद्यार्थी शिक्षकप्रति सकरात्मक हुँदै जाने कुरालाई समेत ध्यान दिनुपर्ने देखिएको छ ।

२७. **पारिवारिक आर्थिक अवस्था र सिकाइ उपलब्धि :** अध्ययनबाट पारिवारिक आर्थिक अवस्था र शिक्षामा घनिष्ट सम्बन्ध छ भन्ने कुरा देखिएको छ । जति घरपरिवारको आर्थिक अवस्था राम्रो देखिन्छ, बालबालिकाको शैक्षिक उपलब्धि उत्ति नै राम्रो देखिन्छ ।

यो अवस्था समग्र राष्ट्रिय विकास एवम् राष्ट्रिय अर्थतन्त्रको पक्षसँग सम्बन्धित देखिन्छ । समानता र समता लक्षित राष्ट्रिय दृष्टिकोण र प्रयास यसमा गाँसिन पुगेको छ । मुलुकमा शिक्षाको विकास गर्न आर्थिक पक्षलाई सँगसँगै हेर्नु पर्ने रहेछ भन्ने सङ्केत यसले गरेको छ । राष्ट्रिय नीति निर्धारण तथा स्रोतको न्यायोचित वितरण जस्ता पक्षबाट हेर्नुपर्छ भन्ने सन्देश प्राप्त भएको छ । यसलाई सम्बोधन गर्न शिक्षा मन्त्रालयको अधिकार क्षेत्रभन्दा अझ बाहिरबाट पनि हेरिनु पर्छ । शिक्षा मन्त्रालयको दायित्व अन्य पक्षसम्म व्यापक गराउनु पर्ने देखिन्छ ।

२८. **बाबुआमाको शिक्षा र विद्यार्थी उपलब्धि** : अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष बाबुआमाको शिक्षा र विद्यार्थी उपलब्धिको तुलना पनि हो । निरक्षर बाबुआमा वा अभिभावकको बालबालिकाको उपलब्धि न्यून पाइएको छ । जतिजति अभिभावकको शैक्षिक स्तर राम्रो हुँदै जान्छ, बालबालिकाको उपलब्धि पनि सोही अनुसार उच्च हुँदै गएको देखिएको छ । उल्लेखनीय कुरा त के भने साक्षर र निरक्षर अभिभावकका बालबालिकाको उपलब्धिमा उल्लेख्य भिन्नता छ ।

यसले राज्यको साक्षरता अभियान तथा अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरूलाई अझ सशक्त बनाउनु पर्छ भन्ने कुराको सङ्केत गर्दछ ।

## विषयगत अवस्था र प्राप्ति

अध्ययनमा समावेश भएका तीन विषयहरू (नेपाली, गणित र सामाजिक) मा केही समान प्रकृतिका प्राप्ति (Findings) छन् भने केहीमा भिन्नता छ । तुलनात्मक अवस्था हेर्नका लागि परिणात्मक तथ्याङ्क अनुसूचीमा दिइएको छ । विषयगत प्राप्ति देहायअनुसार प्रस्तुत गरिएको छ :

### क) नेपाली विषय

विद्यमान नेपाली विषयको पाठ्यक्रमले विद्यार्थीलाई नेपाली भाषामा सक्षम बनाउन भाषाका आधारभूत सीपहरू सिकाउने उद्देश्य राखेको छ । पाठ्यक्रमले नेपाली विषयका विषयगत उद्देश्यहरूलाई सुनाइ र बोलाइ, पढाइ र लेखाइ गरी चार क्षेत्रमा विभाजन गरेको छ । त्यसअन्तर्गत आफ्ना विचारहरू शिष्ट भाषामा अभिव्यक्त गर्न, भाषिक सीपको सन्दर्भपूर्ण प्रयोग गर्न तथा भावविस्तार गर्ने र सिलसिला मिलाइ लेख्ने जस्ता सीपको विकास गराउन

खोजेको छ । समग्रमा नेपाली भाषा पाठ्यक्रमले व्यक्तिको दैनिक जीवनसँग सम्बन्धित भाषिक प्रयोगमा दक्ष बनाउने लक्ष्य राखेको पाइन्छ ।

**पाठ्यक्रम र पठनपाठनबीचको तालमेलको अवस्था** : नेपाली विषयको पाठ्यक्रममा लेखाइ र पढाइलाई सबैभन्दा बढी ७० प्रतिशत पाठ्यभार दिइएको छ भने शब्दभण्डारमा १० प्रतिशत र व्याकरणमा २० प्रतिशत पाठ्यभार छुट्याइएको छ। लेखाइ र पढाइमा धेरै पाठ्यभार दिइनुले उक्त विषय क्षेत्रको पठनपाठनमा जोड दिने र उक्त क्षेत्रमा विद्यार्थीको सिकाइस्तर बलियो बनाउने भन्ने नै हो। अध्ययनबाट सबैभन्दा बढी औसत प्राप्ताङ्क पढाइमा ५५.६ प्रतिशत पाइएको छ भने लेखाइमा तुलनात्मक रूपमा कम ४७.७ प्रतिशत रहेको छ। पाठ्यक्रमले विषयक्षेत्र विभाजन गर्दा पढाइ र लेखाइलाई एउटै विषय क्षेत्रमा समाविष्ट गरेको छ भने अध्ययनमा यसलाई दुई क्षेत्र बनाइएको छ। यस्तै व्याकरणमा ५१.४ प्रतिशत र शब्दभण्डारमा ४३ रहेको छ। यसरी हेर्दा पाठ्यक्रमले दिएको महत्त्वअनुसार पढाइ र व्याकरणमा राम्रो देखिन्छ भने लेखाइ र शब्दभण्डारमा कमजोर रहेको पाइयो। पाठ्यक्रम विकास केन्द्रको नेपाली विषयको पाठ्यक्रममा लेखाइ र शब्दभण्डारको प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ। साथै नेपाली विषयमा कतिपय सरल खालका स्वतन्त्र रचना गर्ने प्रश्नहरूमा थोरै विद्यार्थीहरूले मात्र उत्तर दिने गरेका छन्। यस अर्थमा नेपाली विषयको पाठ्यपुस्तकमा भएका कथा, कविता, जीवनी अध्यापन गर्नुभन्दा भाषिक सीप विकास गराउने खालका क्रियाकलापहरूमा ध्यान दिनुपर्ने देखिन्छ।

**संज्ञानात्मक क्षेत्र र उपलब्धि** : यस विषयमा ज्ञान तहका प्रश्नहरू र वस्तुगत प्रश्नमा विद्यार्थीले राम्रो अङ्क प्राप्त गरेका छन् । उच्च दक्षता (Higher ability) मापन गर्ने प्रश्न र विषयगत प्रश्नमा प्राप्ताङ्क कम रहेको छ। यसबाट हाम्रा विद्यार्थीहरू जानेका कुरा व्यवहारमा प्रयोग गर्न कमजोर भएका हुन् कि भन्ने कुराको सङ्केत मिल्दछ। यसले पठनपाठन प्रक्रियामा क्रियाकलापमुखी शिक्षण, शैक्षिक सामाग्रीको अधिकतम प्रयोग, छलफल र अन्तरक्रिया विधिको प्रयोग, पाठ्यपुस्तकभन्दा अन्य सन्दर्भ सामग्रीको प्रयोग, शिक्षण सिकाइ क्रियाकलाप र गरेर सिक्ने पद्धतिमा पठनपाठन केन्द्रित हुनुपर्ने कुराको सङ्केत गरेको छ। शिक्षकले कक्षाकोठामा छलफल अन्तरक्रिया र अभ्यास तथा विभिन्न सन्दर्भ सामग्रीको प्रयोगबाट भाषा शिक्षण गर्नुपर्ने देखिन्छ।

**पाठ्यक्रम र पठनपाठनबीचको तालमेलको अवस्था** : नेपाली विषयमा कुल राष्ट्रिय औसत उपलब्धि ४९ प्रतिशत देखिएको छ भने क्षेत्रगत रूपमा क्रमशः पढाइ, लेखाइ, व्याकरण र शब्दभण्डारमा ५५.६, ४७.७, ५१, र ४३ औसत उपलब्धि प्रतिशत छ। लेखाइमा सामान्य भन्दा न्यून छ भने शब्दभण्डारमा न्यून नै भएको हुँदा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र परिमार्जन, शिक्षक विकास, व्यवस्थापन र तालिम, नेपाली विषय शिक्षकले

सञ्चालन गर्ने पठनपाठन प्रक्रियामा यो विषय क्षेत्रलाई कसरी सम्बोधन गर्नाले उपलब्धि उच्च गराउन सकिन्छ भन्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**अन्तर्राष्ट्रिय अवस्थासँग तुलना** : नेपाली भाषा विषयका रूपमा हेर्दा अन्तर्राष्ट्रिय औसत उपलब्धिभन्दा नेपाली विद्यार्थीहरूको अवस्था केही कमजोर  देखिएको छ । शब्दभण्डारमा मात्र नेपाली विद्यार्थीहरू अन्तर्राष्ट्रिय स्तरमा राम्रो देखिन्छ । यसर्थ भाषिक सीप विकासका लागि यो विषयमा केही सुधार गर्नुपर्ने देखिन्छ

**स्वतन्त्र लेखनमा कमजोर** : निबन्ध लेखन, चित्रको व्याख्या, चाडपर्वको व्याख्या गर्ने, तर्क प्रस्तुत (ठूलो मान्छे हुनु भन्दा असल मान्छे हुन जाति जस्ता विषय), संवाद लेखन, विज्ञान भन्दा प्रकृति बलियो भन्ने जस्ता विषयवस्तु स्वतन्त्र लेखनमा बालबालिकाको अवस्था कमजोर भएको पाइन्छ ।

## ख) गणित विषय

विद्यमान कक्षा ८ को गणित विषयको पाठ्यक्रमले विद्यार्थीहरूमा गणितीय ज्ञान तथा सीपको विकास गरी  सूचना तथा प्रविधिबारे समालोचनात्मक भई सोच्ने, तार्किक निर्णय दिने जस्ता क्षमता विकास गने उद्देश्य राखेको छ । तथ्याङ्कलाई प्रस्तुत गर्न सक्ने तथा प्राप्त सूचनालाई विश्लेषण गरेर दैनिक जीवनमा उपयोग गर्ने, गणितीय क्रिया र प्रक्रियाले विद्यार्थीमा कारण खोज्ने, औचित्यपूर्ण निर्णय दिने, विचार प्रस्ट राख्ने व्यावहारिक गणितीय समस्या समाधान गर्ने जस्ता सक्षमताहरू विकास गर्ने कुराको अपेक्षा गरिएको छ ।

**विषयक्षेत्रगत उपलब्धि**: यस विषयमा कुल राष्ट्रिय औसत उपलब्धि ४३ प्रतिशत देखिएको छ भने क्षेत्रगत रूपमा क्रमशः ज्यामिति, सेट (समूह), बीजगणित, तथ्याङ्क र अङ्कगणितमा ३७, ३८, ४८, ४८ र ४९ औसत उपलब्धि प्रतिशत छ । ज्यामिति र समूहमा उपलब्धि ज्यादै न्यून भएको हुदा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र परिमार्जन, शिक्षक विकास, व्यवस्थापन र तालिम, गणित विषयका शिक्षकले सञ्चालन गर्ने पठनपाठन प्रक्रियामा यो विषय क्षेत्रलाई कसरी सम्बोधन गर्नाले उपलब्धि उच्च गराउन सकिन्छ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**अन्तर्राष्ट्रिय अवस्थासँग तुलना** : गणितमा अन्तर्राष्ट्रिय औसत उपलब्धि भन्दा नेपाली विद्यार्थीहरूको अवस्था केही राम्रो देखिएको छ तापनि ज्यामिति, समूह र तथ्याङ्कशास्त्र जस्ता विषय क्षेत्रमा तुलनात्मक रूपमा कम भएकाले थप प्रयास गुर्नपर्ने देखिन्छ ।

## ग) सामाजिक शिक्षा

विद्यमान सामाजिक शिक्षाको पाठ्यक्रमले विद्यार्थीलाई असल नागरिक बनाउने, आर्थिक, सामाजिक, राजनीतिक र भौगोलिक विषयवस्तुका बारेमा जानकारी गराउने उद्देश्य राखेको छ । व्यक्तिको दैनिक जीवनसँग सम्बन्धित व्यक्तिगत, सामाजिक, राष्ट्रिय र विश्वव्यापी परिवेशका विषयवस्तुहरू यसमा समावेश गरिएको छ ।

**पाठ्यक्रम र पठनपाठनबीचको तालमेलको अवस्था** : पाठ्यक्रममा नागरिक शिक्षासम्बन्धी विषयवस्तुको पाठ्यभार सबैभन्दा बढी ४५ प्रतिशत छ भने अर्थशास्त्र, भूगोल, इतिहास र राजनीतिसम्बन्धी विषयक्षेत्रलाई क्रमश २०, १३, १२ र १० प्रतिशत पाठ्यभार छुट्याइएको छ । पाठ्यभार बढी दिनुको अर्थ बढी महत्त्व दिनु नै हो । तर अध्ययनबाट सबैभन्दा बढी औसत प्राप्ताङ्क अर्थशास्त्रमा ५८ प्रतिशत पाइएको छ भने राजनीतिशास्त्रमा तुलनात्मक रूपमा कम (४६ प्रतिशत) छ । यसबाट पाठ्यक्रमले दिएको प्राथमिकता र पठनपाठनमा गरिने प्रयासबीच उपयुक्त तालमेल नमिलेको हुन सक्ने कुराको सङ्केत मिलेको छ । पाठ्यक्रम विकास केन्द्रको सामाजिक विषयसम्बन्धी संयन्त्र, सामाजिक विषयका शिक्षक, तालिमसम्बन्धी गतिविधि र सामाजिक विषयका शिक्षकका लागि विशेष छलफल र ध्यान दिनुपर्ने विषय यो बनेको छ । पाठ्यवस्तुको कठिनाइको कारण पठनपाठन र पाठ्यक्रममा तालमेल नहुनु वा अन्य कारण हुन् भनी खुट्याउन थप प्रयासको आवश्यकता देखिन्छ ।

**संज्ञानात्मक क्षेत्र र उपलब्धि** : यस विषयमा ज्ञान तहका प्रश्न र वस्तुगत प्रश्नमा विद्यार्थीले राम्रो अङ्क प्राप्त गरेका छन् । उच्च संज्ञान (Higher ability) तह र विषयगत प्रश्नको उत्तरमा कम प्रतिशत अङ्क प्राप्त गरेबाट हाम्रा विद्यार्थीहरू जानेका कुरा व्यवहारमा प्रयोग गर्न निकै कमजोर छन् भन्ने कुराको सङ्केत गर्छ । यसले पठनपाठन प्रक्रियामा क्रियाकलापमुखी शिक्षण, शैक्षिक सामाग्रीको आधिकारिक प्रयोग, परियोजना कार्य जस्ता गरेर सिक्ने पद्धतिमा पठनपाठन केन्द्रित हुनुपर्ने कुराको सङ्केत गरेको छ । शिक्षकले तालिममा सिकेका कुरालाई पठनपाठनमा अधिकाधिक उपयोग गर्नुपर्छ भन्ने कुराको सङ्केत पनि दिएको छ ।

**विषयक्षेत्रगत उपलब्धि** : यस विषयमा कुल राष्ट्रिय औसत उपलब्धि ४९ प्रतिशत देखिएको छ भने विषय क्षेत्रगत रूपमा क्रमशः नागरिक शिक्षा अर्थशास्त्र, भूगोल, इतिहास र राजनीतिशास्त्रमा ५१, ५८, ५७, ५० र ४६, औसत उपलब्धि प्रतिशत छ । राजनीतिमा उपलब्धि ज्यादै न्यून भएको हुँदा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र परिमार्जन, शिक्षक विकास, व्यवस्थापन र तालिम, सामाजिक विषयका शिक्षकले सञ्चालन गर्ने पठनपाठन प्रक्रियामा यो विषय क्षेत्रलाई कसरी सम्बोधन गर्नाले उपलब्धि उच्च गराउन सकिन्छ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**अन्तर्राष्ट्रिय अवस्थासँग तुलना :** सामाजिक अध्ययनमा अन्तर्राष्ट्रिय औसत उपलब्धि (भूगोल) भन्दा नेपाली विद्यार्थीहरूको अवस्था राम्रो देखिएको छ तापनि अर्थशास्त्र र इतिहास विषय क्षेत्रमा तुलनात्मक रूपमा कम भएकाले थप प्रयास गुर्नपर्ने देखिन्छ ।

## निचोड

यो अध्ययनले बृहत क्षेत्र समेटेको छ । विषयगत रूपमा गणित, नेपाली र सामाजिक विषय र ती विषय अन्तर्गतका विषयवस्तुहरू समेटेको छ । प्राप्ति (Findings) विषयगत रूपमा, विषयका क्षेत्र र उपक्षेत्रगत रूपमा निस्केका छन् । सम्बन्धित सरोकारवालाहरूका (विद्यार्थी, विषय शिक्षक, अभिभावक तथा प्रधानाध्यापकका) लागि ती प्राप्तिहरू छलफलका विषय हुने अपेक्षा गरिएको छ । छलफलबाट सुझाव वा कार्यान्वयनका उपाय सन्दर्भ, उपलब्ध स्रोत, क्षमता र परिवेशअनुसार विकास गरी स्वअग्रसरतामा सुधारका प्रक्रिया अगाडि बढ्ने कुराको अपेक्षा गरिएको छ । त्यसैगरी विषयगत पक्षसँग सम्बन्धित सहयोगी निकाय, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणका पक्ष तथा विषयगत शिक्षकका पेसागत औपचारिक तथा अनौपचारिक संस्थाहरूका लागि अध्ययनका प्राप्ति छलफल, सुधारका योजना र प्रयासमा परिणत हुने कुराको अपेक्षा गरिएको छ ।

अभिभावक, विद्यालय व्यवस्थापन, कार्यक्रम कार्यान्वयनका निकाय (जिल्ला शिक्षा कार्यालय र स्रोत केन्द्रहरू), समन्वय र अनुगमनका निकाय (क्षेत्रीय निर्देशनालय), नीति निर्माण तह (शिक्षा मन्त्रालय र अन्तर्गतका केन्द्रिय निकायहरू) सबैसँग सम्बन्धित अध्ययनका प्राप्तिहरू उजागर भएका छन् । कुन संस्था पदाधिकारी र निकायका लागि के सम्बन्धित हुन्छ सम्बन्धितले छनोट गरी सन्दर्भ सापेक्ष कार्यान्वयन तथा सुधारको रणनीति बनाउनु पर्ने अध्ययनको सैद्धान्तिक मर्म हो । अभिभावकलाई पुस्तकीय पठनपाठनका अतिरिक्त खेल, घरको काम, रेडियो, टिभी पनि बालबालिकाको उपलब्धि बढाउन सहयोगी हुदोरहेछ र यी पक्षमा धेरै ध्यान दिदा भने हानिकारक हुने कुरा पनि सँगसँगै देखिएको छ । त्यसले धेरै होइन ठिक्क भन्ने सन्देश दिएको छ । कमजोर विद्यालय, कार्यान्वयन निकाय, व्यवस्थापक र नीति निर्मातालाई समेत उत्तिकै साधन र स्रोतमा उही परिवेशका विद्यालयहरूमा उपलब्धिमा भारी अन्तर छ, थप स्रोत होइन उस्तै अवस्थाका तर राम्रो उपलब्धि प्राप्ति गरेका विद्यालयबाट सिक र क्षमता विकास गर भन्ने सन्देश यसले दिएको छ ।

अध्ययनका उपलब्धिले शैक्षिक क्षेत्रभन्दा बाहिरसम्म पनि शिक्षाको विषय क्षेत्र छ भन्ने सन्देश दिएको छ । मुलुकको आर्थिक र सामाजिक प्रयासको प्रत्यक्ष प्रभाव शिक्षामा पर्छ भन्ने स्पष्ट सङ्केत स्पस्ट देखिन्छ । आर्थिक अवस्था राम्रो भएका बालबालिकाको उपलब्धि तुलनात्मक रूपमा राम्रो छ । जातजातिगत रूपमा उपलब्धिमा भिन्नता हुनाले मुलुकको

समग्र विकास प्रक्रियामा समन्यायिक विकास रणनीतिको पक्षलाई अझ सूक्ष्म र विशिष्टताका साथ हेर्नुपर्ने देखिन्छ ।

अध्ययनको निचोडका रूपमा प्रस्तुत गरिने एउटा अर्को महत्त्वपूर्ण विषय अति राम्रो र नराम्रो गर्ने विद्यालयको अवस्था हो । उही आर्थिक अवस्था भएका विद्यालयहरूमध्ये केही विद्यालयको उपलब्धि अवस्था ज्यादै कम भएबाट त्यस्ता विद्यालयहरू पहिचान गरी उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरू खोजी त्यसलाई यथाशीघ्र सम्बोधन गर्ने तर्फ प्रयास गरिनुपर्छ । यो कार्यमा सरोकारवालाले तुरुन्त अग्रसरता देखाउनु पर्ने देखिन्छ । शिक्षा विभागको हालमात्र महत्त्वका साथ अग्रसारित गरिएको विद्यालयहरूको न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Condition) जस्ता प्रयाससँग सम्बन्धित गराएर यस मुद्दालाई हेर्नुपर्ने देखिन्छ ।

अध्ययनका तथ्य तथ्याङ्क विश्लेषण गर्ने क्रममा र प्रश्नावलीहरू परीक्षण तथा पूर्वपरीक्षणका क्रममा विद्यालयहरूमा सञ्चालन गरिने परीक्षाका सम्बन्धमा विभिन्न जानकारी प्राप्त भएको छ । विद्यालयरूमा सोधिने प्रश्नहरूलाई गुणात्मक बनाउन थप मिहिनेत गर्नुपर्ने देखिन्छ । शिक्षकहरूमा प्रश्न निर्माण गर्ने अभ्यास ज्यादै न्यून मात्रामा हुने गरेको पाइन्छ । शिक्षा सम्बद्ध वार्षिक कार्यक्रममा यो विषयलाई महत्त्वका साथ प्रस्तुत गर्नुपर्ने अवस्था छ । शिक्षकको पेसागत विकास (TPD) जस्ता कार्यक्रमले यस पक्षलाई सम्बोधन गर्न सक्नुपर्छ । त्यसैगरी परीक्षा पद्धतिमै पनि विद्यार्थीले अरूको सहयोग नलिएर आफूले जाने बुझेका विषयलाई परीक्षामा व्यक्त गर्ने सीप तथा संवेदनशीलतामा कमी देखिन्छ । यस कुराले विद्यालयमा सञ्चालन हुने समग्र परीक्षा पद्धतिलाई कसरी व्यवस्थित गर्ने भन्ने सम्बन्धमा सबै सरोकारवालाहरू संवेदनशील हुनुपर्ने कुराको सन्देश प्राप्त भएको छ ।

दाताहरूलाई लगानी गर्ने छुट्टै बृहत क्षेत्र खोजिरहनु नपर्ने र त्यहींभित्र थुप्रै अध्ययन र सुधारका पक्ष खोजी र विश्लेषण गरी यसैलाई आधार मानी आर्थिक, भौतिक, प्राविधिक र प्राज्ञिक लगानी गर्न सकिन्छ भन्ने सन्देशसमेत अध्ययनले दिएको छ । अन्तर्राष्ट्रिय र विश्वव्यापी परिवेशलाई पुलेसोको रूपमा राख्न अध्ययनले देखाएका स्थानीय कमजोरीलाई गाँस्नु (Tie up) पर्ने तर्फ विभिन्न विषयवस्तुहरू अध्ययनले उजागर गरेको छ ।

अध्ययन प्राप्तिहरू सबै एउटै निकाय, क्षेत्र वा व्यक्तिसँग मात्र सम्बन्धित छैनन् । प्रत्येक सम्बद्ध सरोकारवाला निकाय, व्यक्ति, विद्यालय, शिक्षक, प्रधानाध्यापक आदिले आफ्नो भूमिका पहिचान सन्दर्भ अनुसार आफैं गर्नुपर्ने हुन्छ । एक ठाउँ वा केन्द्रीय तहबाट विकसित गरेका भूमिका तथा गर्नुपर्ने कामको सूची साङ्केतिक मात्र हुन्छ । अध्ययनले मैले के गर्ने ? सुझाव के त ? भन्ने प्रश्न उत्तर प्रतिवेदनबाट आफै आफ्नो सन्दर्भअनुसार खोजी सुधारका प्रयास गर्ने मार्ग प्रशस्त गरेको छ । सबैको निम्ति एउटै सुझाव छ - खोजी आफैं गर्दा व्यावहारिक हुन्छ भन्ने सन्देश अध्ययनको हो । आफ्नो परिवेशअनुसार सबैले आफू वा

आफ्नो संस्थासँग सम्बन्धित कुराको सूची विकास गरी त्यसका आधारमा कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । अन्य सम्बद्ध निकायले सहयोग र अनुगमन कुन भूमिका हो सोही अनुसार भूमिका निर्वाह गर्दै जाँदा अपेक्षित सुधार हुँदै जान्छ । यस अनुसन्धानका प्राप्तिहरूलाई यस प्रकारका कार्यान्वयन हुँदै जाँदा शैक्षिक सुधारका प्रत्येक अवयवमा मूल्य थप (Value add) हुँदै जान्छ र क्रमशः सुधारका बाटा पहिलिँदै अग्रसरित हुँदै जाने गर्दछ ।

अन्त्यमा केही स्पष्ट प्रकृतिका प्राप्तिहरू पनि छन् । जस्तैः शिक्षक तालिमका लागि विकास गरिएका सामाग्रीमा यसका प्राप्ति अध्ययन गरी आवश्यक थपघट गर्नुपर्ने देखिन्छ । विषयगत पाठ्यक्रमका विषयवस्तुलाई उपलब्धिस्तरसँग तुलना गरेर पुनरावलोकन गर्नुपर्ने देखिन्छ । ती विषयवस्तुहरू कति आवश्यक छन्, पर्याप्त, बढी वा घटी के छन्, सान्दर्भिक छन् कि छैनन् आदिको विश्लेषण हुन जरूरी छ । त्यसैगरी शिक्षक बढुवाका लागि भरिने कार्यसम्पादन मूल्याङ्कनमा विद्यार्थीको उपलब्धिको औसत प्राप्ताङ्कलाई सम्बन्धित विषय शिक्षकले पाउने अङ्कमा गणना गरिने हालको शिक्षा नियमावलीमा भएको प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

◆ ◆

# अनुसूची

## कक्षा ८ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धिको प्रतिशत विवरण, २०६८

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| १. जम्मा औसत प्राप्ताङ्क प्रतिशत | ४९ | ४३ | ४९ |
| २. लैङ्गिक आधारमा औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) छात्रहरू | ४८ | ४५ | ५० |
| (ख) छात्राहरू | ४९ | ४१ | ४९ |
| ३. भौगोलिक क्षेत्रअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) हिमाल | ४९ | ४१ | ४८ |
| (ख) पहाड ५० | ३८ | ४७ | |
| (ग) काठमाडौँ उपत्यका | ६४ | ५५ | ५९ |
| (घ) तराई/मधेश | ४२ | ४४ | ४८ |
| ४. ग्रामीण र सहरी स्थानका आधारमा औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) सहरी | ५५ | ४८ | ५२ |
| (ख) ग्रामीण | ४६ | ४१ | ४८ |
| ५. विकास क्षेत्रअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) पूर्वाञ्चल | ४२.७ | ३३ | ४६ |
| (ख) मध्यमाञ्चल | ४८.५ | ५० | ४८ |
| (ग) पश्चिमाञ्चल | ५१.६ | ४५ | ४९ |
| (घ) मध्यपश्चिमाञ्चल | ४२.९ | ३९ | ४८ |
| (ङ) सुदूर पश्चिमाञ्चल | ४२.३ | ३७ | ४८ |

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| ६. सामुदायिक र संस्थागत विद्यालयगत औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) सामुदायिक विद्यालय | ४६ | ३९ | ४६ |
| (ख) संस्थागत विद्यालय | ६२ | ६३ | ६३ |
| ७. मातृभाषा समूहगत औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) नेपाली | ५१ | ४३ | ५० |
| (ख) नेपाली बाहेक अन्य | ४३ | ४२ | ४७ |
| ८. जातजातिगत (Ethnic/caste) औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) ब्राह्मण र क्षेत्री | ५१.८ | ४५ | ५२ |
| (ख) जनजाति | ४९.४ | ४१ | ४८ |
| (ग) दलित | ४४.९ | ३७ | ४६ |
| (घ) मधेसी | ३७.८ | ४९ | ४७ |
| (ङ) अल्पसङ्ख्यक | ४५.१ | ४० | ४७ |
| ९.(क) सामाजिक आर्थिक अवस्था (आमाको साक्षरता) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) निरक्षर | ४५ | ४० | ४६ |
| (ख) साक्षर (कक्षा १-५ पास) | ५१ | ४३ | ५० |
| (ग) सामान्य शिक्षा (कक्षा ६-१० पास) | ५० | ४७ | ५२ |
| (घ) एस.एल.सी. र उच्च योग्यता | ५२ | ५० | ५६ |
| (ख) सामाजिक आर्थिक अवस्था (बाबुको साक्षरता) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) निरक्षर र सामान्य लेखपढ मात्र | ४३ | ३९ | ४४ |
| (ख) कक्षा १-५ पास | ४८ | ४० | ४८ |
| (ग) कक्षा ६-१० पास | ५० | ४४ | ५१ |
| (घ) एस.एल.सी. र उच्च योग्यता | ५३ | ५३ | ५६ |

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| १०. सामाजिक आर्थिक अवस्था (आमाको पेसा) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) कृषि | ४७ | ४० | ४७ |
| (ख) शिक्षण र जागिर | ४९ | ४६ | ५७ |
| (ग) व्यावसाय | ५२ | ५३ | ५३ |
| ११. सामाजिक आर्थिक अवस्था (बाबुको पेसा) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) कृषि | ४५ | ४० | ४६ |
| (ख) शिक्षण र जागिर | ५२ | ५० | ५२ |
| (ग) व्यावसाय | ५४ | ४५ | ५१ |
| १२. घरमा भएका पढाइका लागि सहयोगी सामग्रीहरूको सङ्ख्या (जम्मा १२ ओटा सामग्रीहरू) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) ०-३ सम्म सामग्री भएको | ३९ | ३७ | ४४ |
| (ख) ४-९ सम्म सामग्री भएको | ४० | ४० | ४६ |
| (ग) १०-१२ सम्म सामग्री भएको | ४५ | ५० | ५३ |
| १३.घरमा भएका साधनहरू अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) एक | ४७ | ३९ | ४६ |
| (ख) दुई | ४९ | ४५ | ४९ |
| (ग) तीन | ५२ | ५२ | ५३ |
| (घ) चार | ५३ | ५६ | ५७ |
| (ङ) पाँच | ४६ | ५७ | ५९ |
| १४.विद्यालय समयभन्दा अगाडि र पछाडि विद्यार्थीले गर्ने कार्यअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) २ घण्टा वा सो भन्दा बढी घण्टा | ३६ | ३६ | ४४ |
| (ख) २ घण्टाभन्दा कम | ४६ | ४६ | ४८ |

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| १५.विद्यार्थीको उमेरअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) १३ वर्षसम्म | ५४ | ४९ | ५३ |
| (ख) १४ वर्ष | ५२ | ४७ | ५२ |
| (ग) १५ वर्ष | ४६ | ४० | ४७ |
| (घ) १६ वर्ष | ४३ | ३६ | ४४ |
| (ङ) १७ वर्ष र माथि | ४० | ३२ | ४२ |
| १६.पढ्दा नबुझेका कुराहरूमा सहयोग लिने व्यक्ति अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) ट्युसन | ५२ | ४८ | ५१ |
| (ख) दाजु र दिदी | ५० | ४२ | ५० |
| (ग) आमा | ५० | ४५ | ४९ |
| (घ) बाबु | ४७ | ४२ | ४९ |
| (ङ) शिक्षक | ४८ | ४३ | ४८ |
| (च) अन्य | ४८ | ४२ | ४९ |
| १७.पाठ्यपुस्तकको उपलब्धताअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) उपलब्ध छ | ४९ | ४३ | ५० |
| (ख) उपलब्ध छैन | ४० | ३६ | ४७ |
| १८.गृहकार्य दिने र जाँच गर्ने अवस्था अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) दिईदैन/ जाँच गरिंदैन | ३९ | ३५ | ४४ |
| (ख) दिइन्छ र जाँच पनि गरिन्छ | ५० | ४४ | ५० |
| १९. Bulling - बुलिङ (विद्यालयमा हेप्ने, हप्काउने, पिट्ने, मन नपर्ने कार्य गर्न लगाउने आदि) अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) हुँदैन | ५८ | ४३ | ५० |
| (ख) हुन्छ | ३८ | ३६ | ४० |

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| २०. संज्ञानात्मक तहअनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) ज्ञान | ७४ | ६८ | ५२ |
| (ख) बोध | ५४ | ५५ | ६६ |
| (ग) प्रयोग | ४६ | ३८ | ४० |
| (घ) उच्च दक्षता | ४२ | २१ | ३४ |
| २१. प्रश्नको प्रकार अनुसार औसत प्राप्ताङ्क प्रतिशत | | | |
| (क) वस्तुगत | ४० | ५९.५४ | ६९ |
| (ख) विषयगत | ५८ | २४.४६ | ३६ |
| २२. २००८ को उपलब्धि नतिजासँग तुलना (औसत प्राप्ताङ्क प्रतिशतमा) | | | |
| (क) २००८ को औसत उपलब्धि | ४६.८ | ४६.९ | |
| (ख) २०११ को औसत उपलब्धि | ४८.५६ | ४२.८ | |
| २३. अन्तर्राष्ट्रिय अवस्थासँग तुलना | | | |

| | नेपाली | | गणित | | सामाजिक | |
|---|---|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय औसत भन्दा | न्यून | | उच्च | | उच्च | |
| विषय क्षेत्र | पढाइ | -0.८८ | बीजगणित | 0.७१ | भूगोल | 0.६0 |
| | व्याकरण | 0.१९ | ज्यामिति | -0.२१ | इतिहास | -0.५४ |
| | लेखाइ | -0.९७ | अङ्कगणित | 0.९६ | अर्थशास्त्र | -0.0७ |
| | शब्दभण्डार | -0.३३ | समूह | -0.७५ | नागरिक शिक्षा | 0.२७ |
| | | | तथ्याङ्कशास्त्र | -0.३२ | राजनीतिशास्त्र | 0.0२ |
| २४. विषयक्षेत्र अनुसार उपलब्धि प्रतिशत | पढाइ: | ५६ | बीजगणित | ४८ | अर्थशास्त्र | ५८ |
| | व्याकरण | ५१ | *ज्यामिति* | ३७ | भूगोल | ५७ |
| | लेखाइ | ४८ | अङ्कगणित | ४९ | नागरिक शिक्षा | ५१ |
| | शब्दभण्डार | ४३ | *समूह* | ३८ | इतिहास | ५0 |
| | | | *तथ्याङ्कशास्त्र* | ४८ | राननीतिशास्त्र | ४६ |

अन्तर्राष्ट्रिय परीक्षणसँग तुलना (गणित र समाजिकलाई TIMSS सँग र नेपालीलाई PISA सँग) (शून्यलाई अन्तर्राष्ट्रिय औसत प्राप्ताङ्क मानिएको, '-' चिह्नले औसत भन्दा न्यून जनाउँछ)

| | नेपाली | | गणित | | सामाजिक | |
|---|---|---|---|---|---|---|
| २५. जिल्ला अनुसार उपलब्धि प्रतिशत | | | | | | |
| (क) राष्ट्रिय औसतभन्दा उच्च उपलब्धि भएका जिल्लाहरू | मुस्ताङ | ७० | रौतहट | ६६ | काठमाडौं | ६१ |
| | भक्तपुर | ६९ | भक्तपुर | ६१ | भक्तपुर | ५७ |
| | ललितपुर | ६४ | काठमाडौं | ५५ | बाँके | ५५ |
| | काठमाडौं | ६३ | कालिकोट | ५३ | कालिकोट | ५५ |
| | धादिङ | ६० | ललितपुर | ५२ | सिन्धुपाल्चोक | ५४ |
| | तनहुँ | ५७ | बारा | ५१ | गोरखा | ५३ |
| | गोरखा | ५७ | गोरखा | ५१ | स्याङ्जा | ५१ |
| | सिन्धुपाल्चोक | ५१ | तनहुँ | ४७ | ललितपुर | ५१ |
| | स्याङ्जा | ५० | बझाङ | ४६ | डोटी | ५१ |
| | | | | | झापा | ५१ |
| (ख) राष्ट्रिय औसतको सरोफेरो वा बराबर उपलब्धि भएका जिल्लाहरू | सङ्खुवासभा | ५० | झापा | ४० | नवलपरासी | ४७ |
| | प्युठान | ४७ | रामेछाप | ४२ | रौतहट | ४७ |
| | कालिकोट | ४६ | धादिङ | ४३ | बझाङ | ४७ |
| | रामेछाप | ४६ | बाँके | ४५ | मुस्ताङ | ४८ |
| | झापा | ४६ | मुस्ताङ | ४५ | तनहुँ | ४८ |
| | रौतहट | ४५ | नवलपरासी | ४५ | बारा | ४९ |
| | बझाङ | ४३ | | | रामेछाप | ५० |
| (ग) राष्ट्रिय औसतभन्दा न्यून उपलब्धि भएका जिल्लाहरू | नवलपरासी | ४३ | भोजपुर | १८ | भोजपुर | ३८ |
| | इलाम | ४२ | प्युठान | २९ | जाजरकोट | ४० |
| | कञ्चनपुर | ४२ | इलाम | ३० | सङ्खुवासभा | ४४ |
| | डोटी | ४२ | सङ्खुवासभा | ३२ | मोरङ | ४५ |
| | बाँके | ४२ | कञ्चनपुर | ३२ | मुस्ताङ | ४५ |
| | भोजपुर | ४० | मोरङ | ३४ | धादिङ | ४५ |
| | बारा | ४० | जाजरकोट | ३५ | इलाम | ४६ |
| | मोरङ | ३९ | सिन्धुपाल्चोक | ३८ | कञ्चनपुर | ४६ |
| | जाजरकोट | ३८ | डोटी | ३९ | प्युठान | ४६ |
| | | | स्याङ्जा | ३९ | | |

विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण, कक्षा ८ को पूर्ण प्रतिवेदन
लेखन, सम्पादन तथा प्राविधिक कार्यमा सहभागिता :

लेखन :

डा. यारी मेत्सामुरोनेन
डा. भोजराज शर्मा काफ्ले
श्री श्यामप्रसाद आचार्य
श्री देवीराम आचार्य
श्री सुनिता शाक्य
प्रा. डा. हेमाङ्ग अधिकारी
प्रा. डा. श्रीराम उपाध्याय
प्रा. डा. सिद्धि कोइराला
डा. सुशन आचार्य
डा. तुलसी थपलिया
श्री हरिप्रसाद अर्याल
श्री मारिया मेत्सामुरोनेन

सम्पादन :

डा. भोजराज शर्मा काफ्ले
डा. यारी मेत्सामुरोनेन

तथ्याङ्क विश्लेषण :

श्री श्यामप्रसाद आचार्य
श्री सुनिता शाक्य
श्री देवीराम आचार्य

विषय समिति संयोजक :

श्री नृपध्वज मगर (नेपाली)
श्री रामबहादुर खड्का (गणित)
श्री गोपाल भन्डारी (सामाजिक)

विषय समिति अध्यक्ष :

प्रा. डा. केदारप्रसाद शर्मा (नेपाली)
प्रा. डा. हरि उपाध्याय (गणित)
प्रा. डा. भूचन्द्र वैद्य (सामाजिक)

प्राविधिक समिति अध्यक्ष :

डा. ईश्वरप्रसाद उपाध्याय

शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर
www.ero.gov.np, eronepal@gmail.com, eronasa@gmail.com
फोन: ०१-६६३९५५६, ६६३९५५७